# आर्थिक बर्ष २०४९–५०

## २०४९ साल आषाढ २६ गते संसदको तेश्रो अधिवेशनमा अर्थ राज्य मन्त्री महेश आचार्यले दिनु भएको बजेट वक्तव्य

श्री ५ को सरकार
अर्थ मन्त्रालय
काठमाडौ
२०४९

## सम्माननीय सभामुख महोदय

१ बहुदलीय प्रजातन्त्रको पुनस्थापना पछि जन निर्वाचित सरकारको दोश्रो बर्षको कार्यकालमा नेपाल अधिराज्यको आर्थिक बर्ष २०४९।५० को आय–व्यय विवरण यस गरिमामय सदन समक्ष प्रस्तुत गर्न पाएकोमा म ज्यादै गौरवान्वित छु । भरखरै स्थानीय निकायहरुको चुनाव सम्पन्न भएको छ र नेपाली जनताले फेरि एक पटक नेपाली काँग्रेस पार्टीका पक्षमा जनादेश नवीकरण गरेका छन् । यसरी जनताले निर्भिकता र स्पष्टताका साथ शान्ति, विकास र स्थिरताको पक्षमा निर्णय दिएका छन् । यो सफल प्रजातान्त्रिक अभ्यासका लागि म सर्वप्रथम सम्पूर्ण नेपाली जनता प्रत्ति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

२ प्रजातन्त्रलाई संस्थागत गर्ने क्रमको स्थानीय निर्वाचन एक महत्वपूण कडी हो । यसबाट स्थानीय नेतृत्वको रिक्तताको अन्त्य हुनुका साथै स्थानीय स्तर देखि नै राजनैतिक संरचनाको जग बसेको छ । नेपाली काँग्रेसको सरकारले जनता,देश, विकास र प्रजातन्त्र प्रति व्यक्त गरेको प्रत्तिवद्धता पुरा गर्ने तर्फ पनि यो एउटा महत्वपूर्ण उपलब्धि हो । अब यिनै स्थानीय निकायहरुले ग्रामीण विकासको नृतृत्व गर्नेछन् । प्रजातन्त्रको संस्थागत आधारशीला निर्माण भएको यो ऐतिहासिक मौकामा प्रजातन्त्रका निम्ति बलिदान हुने सम्पूर्ण शहीदहरु प्रति म श्रद्धान्जलि अर्पण गर्दछु ।

३ सार्वभौमसत्ता जनतामा हस्तान्तरण भै बहुदलीय प्रजातान्त्रिक व्यवस्था स्थापना भए पछि अब देशमा राजनैतिक संरचना वा व्यवस्थाको विवाद बाँकी छैन । आजको चुनौती मूलतः मुलुकको विकास,निर्माण र गरीवी उन्मुलनको हो । यस चुनौतीको सामना गर्ने अभिभारा सत्तारुढ पार्टी एक्लैको मात्र मान्नु हुँदैन । देशका सबै राजनैतिक शक्तिहरुले आपसमा मिलेर मुलुकको साझा शत्रु गरीवीसँग जुध्न सके मात्र देश विकास र आर्थिक रुपान्तरण संभव हुन्छ । समष्टिगत आर्थिक विकासबाट मात्र देशमा प्रजातन्त्र सुरक्षित हुन सक्छ र हामी सबै नेपालीको भविष्य सुनिश्चित हुन्छ । यो बजेट जनता, विकास र राजनीतिको यहि सुक्ष्मत्तम अन्तर सम्बन्धलाई लक्षित गर्ने र जीवित राख्ने प्रतिवद्धताको दस्तावेजको रुपमा यस सम्मानित सदन समक्ष पेश गरेको छु ।

**चालु आर्थिक बर्षको प्रगति समिक्षा**

**सभामुख महोदय,**

४ आगामी बर्षको आय–व्यय विवरण पशे गर्नु अघि विगत एक बर्षमा सरकारले आर्थिक क्षेत्रमा गरेको उपलब्धि र देखापरेका समस्याहरु बारे संक्षेपमा विवेचना गर्न चाहन्छु ।

५ मैले यस सम्मानित सदन समक्ष राष्ट्रको आर्थिक गतिविधि र उपलब्धि बारेको आर्थिक सर्भेक्षण २०४८/४९ पेश गरिसकेको छु । चालु आर्थिक बर्षका आर्थिक परिसूचकहरुलाई मूल्याङ्कन गर्दा राष्ट्रिय उपलब्धि मिश्रित रहेको देखिन्छ । गत आर्थिक बर्षमा यथार्थ मूल्यमा कूल गार्हस्थय उत्पादन ५.५ प्रतिशले बृद्धि भउको थियो । चालु आर्थिक बर्षमा मौसमको प्रतिकूलताले गर्दा कृषि क्षेत्रमा अनुमान गरिएको भन्दा कम बृद्धि हुने देखिएको छ । फलस्वरुप गार्हस्थ्य उत्पादन ३.१ प्रतिशतले मात्र बढ्ने अनुमान छ । कृषि क्षेत्रको गार्स्थ्य उत्पादन ०.५ प्रतिशतल मात्र बढ्ने अनुमान छ भने गैर कृषि क्षेत्रको ७ प्रतिशतलले बढ्ने अनुमान रहेको छ।

६ बैदेशिक ब्यापार तर्फ, चालु आर्थिक बर्षको पहिलो नौ महिनामा भारत तर्फको निकासीमा ह्रास आएतापनि अन्य मुलुकतर्फको निकासी उत्साहवर्धक रहेको छ । बाँकी अवधिमा पनि यही क्रम जारी रहने देखिएकोले यो बर्ष कूल निकासी ९०.८प्रतिशतले बृद्धि भई रु.१४ अर्ब ५४ करोड पुग्ने अनुमान छ । पैठारी तर्फ ३९.५ प्रतिशतले बृद्धि भई रु.३३ अर्ब ७८ करोड पुग्ने अनुमान छ । चालु खाता घाटा गत बर्षको तुलनामा २.४ प्रतिशतले बृद्धि भएतापनि विदेशी सहायता तथा अन्य पूँजीको अन्तरप्रवाहबाट यो बर्ष रु.५ अर्ब शोधानान्तर बचत हुने अनुमान छ । यसरी शोधानान्तर स्थिति गत बर्ष भन्दा पनि बढी हाम्रो पक्षमा रहने देखिएको छ । हाल हामीसँग रहेको कूल विदेशी मुद्रामा संचिति करिब ९ महिनाको आयात धान्न पर्याप्त छ ।

७ सरकारी वित्त स्थिति तर्फ, आर्थिक बर्ष २०४७।४८ मा वित्तिय संस्थाहरुको सुधारका लागि दिइएको रु.३ अर्ब २७ करोड २७ लाख कटाउँदा हुने कुल खर्चको तुलनामा चालु आर्थिक बर्षमा कूल खर्च २१.२ प्रतिशतले बढ्ने अनुमान रहेको छ । कूल साधन गत आर्थिक बर्षको तुलनामा १८.२ प्रतिशतले बृद्धि भएको अनुमान छ । राजश्व संकलनमा चालु आर्थिक बर्षमा गत बर्षको तुलनामा करिव २४ प्रतिशतले बृद्धि हुने देखिन्छ । आन्तरिक ऋण कूल गार्हस्थ्य उत्पादनको १.६ प्रतिशत मात्र रहने अनुमान छ ।

८ संस्थानतर्फ श्री ५ को सरकारबाट सरकारी संस्थानहरुमा २०४८ साल चैत्र मसान्तसम्ममा शेयर पूँजीमा रु.६ अर्ब ७० करोड र ऋण पूँजीमा रु.१८ अर्ब २८ करोड लगानी भैसकेको छ । संस्थानहरुबाट श्री ५ को सरकारले चालु आर्थिक बर्षको पहिलो नौ महिनामा (नेपाल राष्ट्र बैंकले दिएको बाहेक) रु.७७ लाख ६९ हजार मात्र लाभांश पाएको छ ।

९ आर्थिक बर्ष २०४७।४८ मा २८ वटा सरकारी संस्थानहरुको घाटा रु.२ अर्ब ४८ करोड छ भने ३० वटाको नाफा केवल रु.६१ करोड रहेको छ । यसरी कुल घाटा रु.१ अर्ब ८७ करोड हुन पुगेको छ जनु उक्त आर्थिक बर्षको सरकारी राजश्वको १७.४ प्रतिशत हुन आउँछ ।

१० चालु आर्थिक बर्षमा मुद्रा प्रदायको बृद्धि दर वाञ्छित सीमा भन्दा बढी रहेको छ । गत बर्ष यो १४.५ प्रतिशतले बृद्धि भएकोमा चालु आर्थिक बर्ष २६.२ प्रतिशतले बृद्धि हुने अनुमान छ । कूल आन्तरिक कर्जामा भएको अत्याधिक विसतार र विदेशी मुद्राको संचिति नै मुद्रा प्रदायको मुख्य कारका रुपमा देखिएका छन् ।

११ मूल्यतर्फ, आर्थिक बर्ष २०४८।४९ को प्रथम नौ महिनाको अवधिमा विगत बर्षहरुमा भन्दा बढी चाप परेको छ । यस अवधिमा शहरी क्षेत्रको औसत मूल्य बृद्धि दर १८.९ प्रतिशत रहेको छ । मूल्य बृद्धिलाई निश्चित सीमा भित्र राख्ने प्रयासहरु गर्दा गर्दै पनि आन्तरिक र वाह्य कारणहरुले गर्दा मूल्यमा निकै चाप पर्न गई सर्वसाधारणले आर्थिक कठिनाई भोग्नु परेको छ । यो हामि सबैको लागि चिन्ताको बिषय रहेको छ ।

१२ यस मूल्य बृद्धिका कैयन बाह्य र आन्तरिक कारणहरु छन् । यी सबै कारणहरुका साथै नियन्त्रणमुखी बजार व्यवस्थाबाट उदार तथा खुला बजार व्यवस्थामा जाँदा हुने आर्थिक समायोजनका क्रममा पनि हामी कहाँ मूल्य स्थितिमा चाप पर्न गएको छ। अन्ततः बजारमुखी उदार आर्थिक नीतिले उत्पादन बृद्धिमा सहयोग गर्ने र आपूर्तिमा कमी भएमा आयातबाट समेत आपूर्ति हुने भएकोले क्रमिक रुपमा मूल्य बृद्धिदरमा कमी आउने छ । कृक्रिम मूलय बृद्धि रोक्न र सरकारी उपभोग्य खर्च कम गरी वित्तीय तथा राजश्व नीतिको माध्यमद्धारा समेत आगामी बर्ष मूल्य बृद्धिको प्रबृत्तिमा कमी ल्याउन सरकार विशेष प्रयत्नशील रहनेछ ।

१३ चालु आर्थिक बर्षमा निकासी ब्यापारलाई प्रोत्साहित गर्न आर्थिक खुलापनको नीति अनुरुप नेपाली मुद्राको विदेशी मुद्रा सित्तको आंशिक परिवर्त्यता व्यवहारमा ल्याउनुको साथै औद्योगिक नीति, वाणिज्य नीति, विदेशी लगानी तथा एकद्धार प्रणली सम्बन्धी नीतिहरु प्रकाशमा आइसकेको छ । यी नीतिगत सुधारहरुलाई कानूनी रुप दिन आवश्यक विधेयकहरु सदनमा पेश हुने नै छन् । आर्थिक विकासका संभाव्य क्षेत्रहरुमा निजी क्षेत्रको सहभागितालाई तिब्रताका साथ अगाडि बढाउन सरकार नयाँ नीतिहरुको कार्यान्वयन गर्न दृढ रहेको छ । निजी क्षेत्र पनि यस्ता नीतिगत सुधारहरुको सदुपयोग गर्न सक्षम हुनेछ भन्ने विश्वास सरकारले लिएको छ ।

**सभामुख महोदय**

१४ राष्ट्रिय उत्पादनको बृद्धिदर न्यून रहेको र जनसंख्या बृद्धिदर उच्च रहेकोले सरदर प्रति व्यक्ति आयमा खास बृद्धि हुन सकेको छैन । अधिकाँश जनसख्या गरिवीको रेखामुनी रहेकोले अहिलेको अवस्थामा सर्वसाधारण जनताले खास गरी ग्रामीण जनताले विकासको प्रतिफल उपभोग गर्न पाएका छैनन् । ग्रामीण जनतालाई विकासको प्रतिफल उपभोग गर्न गराउन विकास प्रकृयालाई यिनीहरु कै माझबाट शुरु गर्नु पर्ने प्रयास नै आजको आवश्यकता हो । यी यथार्थका सन्दर्भमा तथा गैर कृषि क्षेत्रमा खास गरी औद्योगिक क्षेत्रमा लिइएको उदार नीतिबाट रोजगारी मूलक औद्योगिकरणमा तिब्रता आउन अझै केही समय लाग्ने भएकोले पनि राष्ट्रिय उत्पादन र रोजागरीको अवसर बृद्धि गर्न ग्रामीण जनताको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रले विकास प्रयासमा प्राधान्यता पाउनु जरुरी छ ।

**विकास लक्ष**

१५ प्रजातान्त्रिक समाजबादबाट अभिप्रेरीत बर्तमान सरकारको लक्ष देशको कहाली लाग्दो गरीवी समाप्त गरी सम्पन्न र समतामूलक समाजको स्थापना गर्नु हो । त्यसैले शिक्षा, स्वास्थ्य, खानेपानी, काम र माम जस्ता नभई नहुने आवश्यकतालाई गरीवीको रेखामुनी रहेका जनताको पहुँच मित्र पुऱ्याउने कार्यलाई हामीले उच्च प्राथमिकता दिएका छौ । यस सन्दर्भमा जननायक विश्वेश्वर प्रसाद कोइरालाको ग्रामीण जनताको जीवनस्तर उकास्ने, उनका वालबच्चाले पढ्न पाउने, ओखत्तिमूलो गर्न पाउने तथा उनीहरुलाई आफ्नो घर खेत र जीविका प्रति आश्वस्त पार्न सक्ने विकास ढाँचको परिकल्पनाले हामीलाई निरन्तर मार्गदर्शन गरिरहने छ ।

१६ विश्वको विकास अनुभव र सोचाईमा आएको परिवर्तनबाट आज नेपाल अलग्ग रहन सक्तैन । यसै परिप्रेक्षमा मुलुकको प्रगति खुला, उदार, पारदर्शी तथा प्रतिस्पर्धात्मक बजारमुखी विकास ढाँचाबाट मात्र छिटो हुन सक्ने हाम्रो धारणा छ । त्यसैले हामीले विगत एक बर्षदेखि सरकारको भूमिकालाई आधारभूत संरचना तयार पार्ने र समाजका विपन्न तथा पिछडिएका वर्गलाई अत्यावश्यक सेवा प्रदान गर्ने तर्फ केन्द्रित गर्दै आएका हौ र उत्पादनशील क्षेत्रहरुमा निजीक्षेत्रको सहभागितालाई बढावा दिंदै आएका हौं । हामी बजार संयन्त्र र सरकारको सहयोगी भूमिकाको विवेकशील संमिश्रण गरी सन्तुलित विकास गर्न प्रयत्नरत छौं । ग्रामीण विकास, उदार आर्थिक नीति, विकेन्द्रिकरण र जनसहभागिता, तथा उपयुक्त सरकारी भूमिका हाम्रो आठौं योजनाका विकास अवधारणाका मूलभूत आधारहरु हुन् र आगामी बर्षको बजेट पनि यिनै अवधारणाहरुमा आधारित छ ।

**बजेटको उद्देश्य र नीति**

१७ आर्थिक बर्ष २०४८।४९ को बजेट प्रस्तुत गर्दा मैले बजेटका निम्न लिखित पाँच सुत्रीय उद्देश्यहरु राखेको थिएँ :

(क) राष्ट्रिय विकासको मूलधारामा जनसाधारणलाई सहभागी गराउने र विकासको प्रतिफल जनताको घर दैलोमा पुऱ्याउने,

(ख) सर्वसाधारणको आर्थिक कठिनाई कम गर्ने,

(ग) निजी क्षेत्रको सहभागितामा बृद्धि गराई राष्ट्रिय अर्थतन्त्रलाई अझ बढी उदार र गतिशील बनाउने ,

(घ) अनुत्पादक खर्च बृद्धिमा नियन्त्रण गरी प्रशासनिक खर्च र विकास लगानीको बीचमा विवेकशील सन्तुलन कायम गर्ने,

(ङ) राजश्व प्रशासनलाई सरल, सक्षम र सुदृढ बनाई आन्तरिक श्रोतको परिचालनमा बृद्धि गर्ने ।

१८ बजेटका यी उद्देश्यहरु आज पनि उत्तिकै सान्दर्भिक र उपयुक्त छन् । प्रस्तुत बजेट पनि यिनै उद्देश्यहरुबाट निर्देशित छ । आगामी आर्थिक बर्षदेखि आठौं योजना पनि विकासको समतामूलक दृष्टि र सामाजिक न्याय स्थापना गर्ने सरकारको प्रत्तिवद्धता अनुरुप दिगो आर्थिक बृद्धिदर हासिल गर्ने, गविी घटाउने तथा क्षेत्रीय असन्तुलन कम गर्दै लैजाने उद्देश्यका साथ कार्यान्वयनमा आउँदै छ । यस योजनाको बृहत्तर उद्देश्य प्राप्तका लागि प्रस्तुत बजेटमा समावेश गरिएका आर्थिक एवम् विकास नीति र कार्यक्रम निम्न चार नीतिगत समूहमा विभाजन गरी प्रस्तुत गरेको छ ।

(क) आधुनिक एवं गतिशील क्षेत्रको निरन्तर विकास र विसतार ।

(ख) बजारमुखी विकासका निम्ति संभाव्य परम्परागत क्षेत्रको सघन एवं व्यवसायिक बिकास र उपयोग ।

(ग) बयापारिक संभाव्यता नभएका उत्पादन योग्य क्षेत्रको स्वावलम्वी र धान्न सकिने किसिमको विकास ।

(घ) जीवनधान्न आवश्यक न्यूनतम भौतिक श्रोत र संभाव्यताविहिन विकट क्षेत्रको लागि राहत र टेवा ।

( १) **आधुनिक एवं गतिशील क्षेत्रको निरन्तर विकास र विस्तार**

१९ उद्योग,पर्यटन, निकासी ब्यापार जस्ता गतिशील क्षेत्रहरुको विस्तार विना देशको दुत्ततर विकास संभव छैन । यी क्षेत्रहरुको विकासबाट नै राष्ट्रिय सम्पत्तीको बृद्धि हुने र त्यसैको आडमा देशको सर्वाङ्गिण विकास गर्न सकिन्छ । यसै तथ्यलाई दृष्टिगत गरी चालु आर्थिक बर्षदेखि हामीले यी क्षेत्रको विकासको लागि विभिन्न सुधारात्मक कदमहरु अपनायौं र अर्थतन्त्रमा मौलिक परिवर्तन ल्याउने प्रयास गऱ्यौं । आगामी आर्थिक बर्षमा यी क्षेत्रहरुको विकास र विस्तारका लागि सरकारले निम्नलिखित नीति र कार्यक्रमहरु अवलम्बन गर्ने छ :

१) सरकारले प्रकाशमा ल्याइसकेको नयाँ औद्योगिक नीति, बाणिज्य नीति, बैदेशिक लगानी, एकद्धार नीति र बैदेशिक विनियम नीतिहरुलाई दृढता र कुशलताकासाथ कार्यान्वयन गर्नेछ तथा यसका लागि आवश्यकता अनुसार प्रक्रियागत सुधार गर्दै लैजानेछ ।

२) विदेशी विनिमयतर्फ हाल कायम रहेको आंशिक परिवर्त्यलाई उदार बनाई क्रमशः पूर्ण परिवर्त्य पार्ने क्रम जारी राखिनेछ । यसै सन्दर्भमा आजै देखि आर्जित विदेशी मुद्राको ७५ प्रतिशत बजार मूल्यमा विक्री गर्न पाउने व्यवस्था मिलाइएको छ । यसका साथै पठैरी ब्यापारमा सरलीकरण गरी हाल बोलकबोलमा रहेका ४३ वस्तुहरुमध्ये ३१ बस्तुहरुको आयात खुल्ला गरिएको छ ।

३) निर्यातकर्ताले निर्यात आर्जनको निश्चित प्रतिशत स्व–प्रयोजनको लागि उपयोग गर्न सक्ने हालको व्यवस्थामा सुधार गरी कच्चा पदार्थ, मेशीनरी आदि खरिदको अतिरिक्त ऋणको साँवा ब्याज भुक्तानी गर्न, कमिशन, रोयल्टी तिर्ने कार्यहरुमा खर्च गर्न पाउने गरी बजार मूल्यमा बेच्न पाउने ७५ प्रतिशतमध्ये ३० प्रतिशत रकम विदेशी मुद्रामै खाता खोल्न पाउने व्यवस्था गरिएको छ । साथै बजार विसतार तथा भ्रमणका लागि ५ प्रतिशत रकम यसबाट खर्च गर्न सक्ने छन् । यसबाट निर्यातकताहरु बढी लाभान्वित हुने र बैदेशिक विनिमयको बजार पनि बढी प्रतिस्पर्धात्मक हुने अपेक्षा गरिएको छ ।

४) निर्यात ब्यापारमा प्रक्रियागत सुधार गर्ने क्रममा आगामी बर्ष मुख्यतः कर फिर्ता दिने व्यवस्था, वण्डेड वेयर हाउस प्रणाली र निर्यात कागजात तयार गर्ने कार्यलाई सरलीकरण गरिनेछ । यसै क्रममा निकासी कार्यलाई थप प्रोत्साहन दिने उद्देश्यले निर्यात प्रशोधन क्षेत्रको स्थापना गरिनेछ । निर्यात वस्तुमा न्यूनतम मूल्य तोक्ने प्रथा बढी बैज्ञानिक तुल्याई यसमा समसामयिक रुपमा पुनरावलोकन गर्ने प्रणालीको विकास गरिनेछ ।

५) सरकारी संस्थानहरुको निजीकरण गर्ने क्रममा ३ वटा उद्योगहरुको निजकिरण गर्ने कारवाही अन्तिम चरणमा पुगेको छ । यसको अनुभवको आधारमा निजीकरणको नीति र प्रक्रियामा अझ बढी सुधार गरी अन्य संस्थानहरुलाई निजीकरण गर्ने दीर्घकालीन रणनीतिको अवलम्बन र कार्यक्रम तय गरिनेछ । निजीकरणको प्रक्रियामा मानवीय र कानूनी दुबै दृष्टिले कर्मचारी तथा श्रमिकहरुको हक हितको सुरक्षा गरिनेछ ।

६) नयाँ उद्योग नीति तथा बैदेशिक लगानी सम्बन्धी नीति र विभिन्न तथ्याङ्क एवं सूचनाहरु उपलब्ध गराई विदेशी लगानी आकृष्ट गराउने उद्देश्यले आगामी आर्थिक बर्षमा लगानीकर्ताहरुको बैठक नेपालमा आयोजना गरिनेछ ।

७) विद्युत आपूर्तिमा देखा परेको कमी हटाउनका लागि निर्माणाधीन आयोजनाहरु र केही आयोजनाको पुनर्स्थापन गर्ने कार्य यथाशिघ्र सम्पन्न गरिने छ । एक मझौला आयोजनालाई कार्यान्वयन तहमा पुऱ्याउन आगामी बर्ष विस्तृत अध्ययन शुरु गरिनेछ । साथै भारतसँगको विद्युत आदान प्रदानको परिमाण बृद्धि गर्न आवश्यक प्रसारण लाईन निर्माण गरिनेछ । निजी क्षेत्रलाई स्वदेशी वा विदेशी श्रोत जुटाई निर्माण संचालन हस्तान्तरणको आधारमा विद्युत उत्पादन कार्यलाई प्रोत्साहन दिइने छ । यस्तै व्यवस्था यातायात र संचार क्षेत्रमा पनि गरिने छ । यसको लागि आवश्यक कानून र उपयुक्त मूल्य निर्धारण नीतिको तर्जुमा गरिनेछ ।

८) पर्यटन क्षेत्रको विकासलाई दिइएको प्राथमिकता अनुरुप सरकारले अंगालेको उदार बायुसेवा नीति कायम राख्दै पर्यटनको दृष्टिले विशेष महत्व राख्ने पर्यटन सम्बन्धी आवश्यक पूर्वाधारको विकास गर्दै जाने नीति लिइने छ ।

९) उद्योग तथा ब्यापार क्षेत्रमा दर्ता हुने कम्पनीहरु, यी कम्पनीहरुले निष्कासन गर्ने शेयर तथा डिबेन्चर आदिलाई एक थलोमा व्यवस्थित गराउन कम्पनी रजिष्ट्रारको कर्यालय स्थापना गरी आवश्यक ऐन नियमको व्यवस्था गरिनेछ । यसबाट कम्पनीहरुको दर्ता आदि सम्बन्धी कार्य सुव्यवस्थित हुने विश्वास लिएको छु ।

(२) **बजारमुखी विकासका निम्ति संभाव्य परंपरागत क्षेत्रको सघन एवं व्यवसायिक विकास र उपयोग**

२० कृषि,बन जस्ता परंपरागत क्षेत्रमा खाद्यान्न वाली, नगदेवाली, जडीबुटी, वागवानी, पशुपालन, मत्स्य विकास र त्यस्तै अन्य "वस्तु समूह" को विकास र तिनमा आधारित उद्योग धन्दा संचालन गर्ने प्रशस्त "व्यवसायिक अवसर" हरु छन् । यस क्षेत्रमा कतिपय पूर्वाधारहरु सृजना पनि भैसकेका छन् । यस्ता पूर्वाधारहरुको पूर्ण उपयोग गरी यस क्षेत्रमा विद्यमान उत्पादन क्षमताको व्यवसायिक उपयोग गर्न सकेमा थोरै समयमै बढी आर्थिक प्रतिफल प्राप्त हुने देखिन्छ । यसबाट देशको आन्तरिक खपत र निकासी ब्यापार दुबैमा योगदान पुग्न जान्छ । धेरै हदसम्म हाम्रो राष्ट्रिय आर्थिक बृद्धि दर यही क्षेत्रको विकासमा निर्भर गर्दछ । त्यसैले यी अवसर र संभावनाहरुलाई वास्तविकतामा परिणत गर्न आगामी आर्थिक बर्ष देखि व्यवसायिक दृष्टिले लाभप्रद देखिएका यस्ता क्षेत्रहरुको विकासमा जोड दिइने छ ।

१) कार्यक्रमको केन्द्र विन्दु कृषि क्षेत्रको नीतिगत र संस्थागत सुधार गरिनेछ ।

२) उत्पादनमुखी र गतिशील उद्यमहरुलाई उत्पादन सामग्रीहरुको मूल्य भन्दा तिनको सहज उपलब्धिले बढी महत्व राख्दछ । त्यसैले रासायनिक मलखादको आपूर्ति सुलभ, नियमित र पर्याप्त गराउने उद्देश्यले बढी भन्दा बढी थोक एवं खुद्रा बिक्रेताको व्यवस्था गरिनेछ ।

३) साना सिचाई टयूववेल र गोबर ग्याँसका लागि दिइने ऋणमा पूँजी अनुदान दिने नीति कायमै राखी यस कार्यक्रमलाई ब्यापक तथा संभव भएसम्म एकीकृत रुपबाट संचालन गर्ने व्यवस्था गरिनेछ ।

४) संस्थागत कर्जामा कृषकहरुको पहुँच सजिलैसँग गराउने उद्देश्यले आगामी बर्षदेखि पूर्वाञ्चल र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा ग्रामीण विकास बैंकहरु खोलिने छन् ।

५) बजारमूखी उत्पादन बृद्धिका संभावना बढी भएका क्षेत्रहरुलाई प्राथमिकता दिई यसता क्षेत्रलाई बजारसँग आवद्ध गर्न ग्रामीण यातायातको विकास गरिनेछ ।

६) दुग्ध उद्योगलाई निजीकरण गर्दै लाने नीति अन्तर्गत दुग्ध विकास संस्थानका शेयरहरु दुग्ध उत्पादकहरुको संघ, कृषक र संस्थानका कर्मचारीहरुलाई वितरण गरी निजीकरणको कार्य शुरु गरिनेछ ।

७) कृषकहरुलाई उन्नत प्रविधि, प्रसार सेवा, पशु स्वास्थ्य, उन्नत नश्ल आदि सेवाहरु एउटै छानाबाट उपलबध गराउने नीति अनुसार कृषि मन्त्रालयको संगठनात्मक ढाँचामा सुधार गर्ने काम प्रायः सम्पन्न भैसकेको छ । कृषि अनुसन्धानलाई गुणस्तरीय बनाउनका लागि गठित नेपाल कृषि अनुसन्धान परिषद्लाई स्वायत्त निकायको रुपमा परिचालन गराउने व्यवस्था भैसकेको छ । यी व्यवस्थाबाट कृषि प्रसार सेवा र प्रविधि प्रभावकारी ढंगले कृषक समक्ष पुऱ्याइने छ ।

८) माछाका भूरा उत्पान, विउ विजन उत्पादन र पशु औषधि वितरण जस्ता कार्यहरुमा निजी क्षेत्रको संलग्नता सन्तोषप्रद देखिएको छ । यसै सन्दर्भमा ५ वटा कृषि फार्महरु निजी क्षेत्रलाई दीर्घकालीन ठेक्कामा दिएर संचालन गराउने कारवाही अन्तिम चरणमा पुगेको छ । आगामी बर्ष संभाव्यता हेरी पशु आहार, भ्याक्सिन उत्पादन, फलफूल संचय र प्रशोधन, कपास जीनिङ आदि क्षेत्रहरुमा पनि निजी क्षेत्रको भूमिका विस्तार गरिनेछ ।

९) सिंचाई जस्ता महत्वपूर्ण संरचनाहरुको उचित सम्भार र तिनलाई पूण क्षमतामा संचालन गराउने कार्यलार्य आगामी बर्षमा विशेष जोड दिइनेछ । यस सन्दर्भमा सरकारी खर्चमा बनेका स–साना आयोजनाहरु उपभोक्ता समितिहरुलाई हस्तान्तरण गर्ने वयवस्थालाई अगाडि बढाइनेछ । पानीपोत वापत प्राप्त हुने रकम कार्यक्रम संचालनका लागि उपभोक्ता समूहलाई नै फिर्ता गर्ने व्यवस्था मिलाइनेछ ।

(३) <u>व्यापारिक सांव्यता नभएका उत्पादन योग्य क्षेत्रको स्वावलम्बी र धान्न सकिने किसिमको विकास</u>

२१ वहुसंख्यक नेपाली अत्यन्त सीमित श्रोत,साधन र संभाव्यता भएका क्षेत्रहरुमा बसोवास गर्छन् । तर त्यस्ता क्षेत्रहरुमा पनि उपयुक्त विकास ढाँचा र सबै पक्षबाट इमान्दारिपूर्ण प्रयास भएको खण्डमा स्थानीय जनताको जीवनस्तर उकास्न सकिने कुरा निश्चित नै छ । श्रममुलक तथा वातावरण हितैषी उन्नत प्रविधि र उपयुक्त भू उपयोगद्धारा वन, खेती र पशुपालन बीचको पारस्परिक सम्बन्धलाई सुदृढ र पूर्ण उपयोग गरी स्थानीय तहमा कृषि तथा गैर कृषि धन्दा संचालन गर्न सकेमा त्यस्ता क्षेत्रमा बस्ने जनताले पनि आधारभूत आवश्यकता परिपूर्ति गर्न सक्छन् । त्यसैले सरकारले निम्न कार्यक्रमहरुको कार्यान्वयनमा जोड दिनेछ ।

१) यस सन्दर्भमा बर्षामा आधारित खेती र सहायक बालीहरु संबन्धी उन्नत प्रविधिको आयात, विकास र विस्तार गरिने छ ।प्रविधि विकास र छनौट गर्दा समग्र खेती प्रणालीसँग मिल्ने, उर्वरा शक्ति कायम राख्न सघाउने र वाह्य सामग्रीमा न्यूनतम निर्भर हुनु पर्ने जस्ता बिषयहरुमा विशेष ध्यान पुऱ्याइनेछ । साथै ध्यू, जडिबुटी, तरकारीको बीउ, च्याउ, केशर र उन जस्ता कम आयतन, कम बजन र बढी मूल्य पर्ने वस्तुहरुको बजार संभाव्यता हेरी विकास गर्ने प्रयास गरिनेछ ।

२) साना किसान कार्यक्रम र ग्रामीण महिला उत्पादन कर्जा जस्ता खास वर्ग र समुदायमा लक्षित बहुआयामिक आयोजनाहरुलाई प्राथमिकता दिई संचालन र विस्तार गरिनेछ ।

३) कृषि विकास बैंक, ग्रामीण विकास बैंकहरु र ग्रामीण स्वावलम्बन कोषले यस्ता क्षेत्रहरुलाई प्राथमिकता दिई कर्जा प्रवाह गर्नेछन् । धितो विना सामुहिक दायित्वमा ऋण दिने व्यवस्थालाई बढावा दिई संस्थागत कर्जामा विपन्न वर्गको पहुँच बढाइनेछ । ऋण प्रदान गर्ने प्रक्रिया सरल र छोटो गरिनेछ ।

४) कृषि क्षेत्रमा संलगन पूँजी र श्रमशक्तिलाई गैर कृषि गतिविधिमा आकर्षित गरी जग्गा वितरणको ढाँचालाई बढि न्यायोचित्त बनाउन तथा कृषि पेशालाई व्यवसायमूलक बनाउने उद्देश्यले भूमिसुधार तथा सरकारी कार्यक्रमहरुलाई अगाडि बढाइनेछ ।

(४) <u>जीवनधान्न आवश्यक न्यूनतम भौतिक श्रोत र संभाव्यताविहिन विकट क्षेत्रको लागि राहत र टेवा</u>

२२ देशको विद्यमान आर्थिकस्तर,बनौट र विस्तारलाई हेर्दा जनसंख्याको केही भाग अत्याधिक गरीव छन् र ती मध्ये कतिपय यस्तो स्थिती र ठाउँमा छन् जहाँ थप उत्पादन र रोजगारीका संभावना प्राय नगण्य छ । यस्ता समूहलाई तत्काल राहत दिन र जीवन यापनका बैकल्पिक उपायहरु खोज्ने कार्यमा सरकारले सक्दो सघाउ पुऱ्याउन विशेष कार्यक्रमहरु संचालन गर्नेछ ।

१) स्थानीय निकायहरु समेतको सक्रिय संलग्नतामा यस्ता विकट क्षेत्र र खास खास जनजाति वा पिछडिएका समुदायको लागि संचालन हुने दुर्गम क्षेत्र विकास, प्रजा विकास , चेपाङ्ग जाति विकास जस्ता कार्यक्रमहरु लक्षित वर्ग वा क्षेत्रले प्रत्यक्ष लाभ पाउने गरी संचालन गरिनेछन् ।

२) कामको लागि खाद्यान्न जस्ता कार्यक्रम यी क्षेत्र र यस्ता समुदायहरुलाई प्राथमिकता दिई संचालन गरिनेछ ।

३) बसोवास कार्यक्रम अन्तर्गत यस्ता क्षेत्रका भूमिहीन व्यक्तिहरुलाई व्यवस्थित बसोवास गराइनेछ र यिनीहरुलाई संस्थागत कर्जा समेत उपलब्ध गराई उत्पादनशील कार्यहरुमा सरिक हुने अवसर प्रदान गराइनेछ ।

४) यस्ता समूहहरुको निकटमा रहेको श्रम बजारको मागलाई ध्यानमा राखी श्रमिक तालीम कार्यक्रमको आयोजना गरी शिप अभिबृद्धि गरिनेछ ।

<u>प्राथमिकता</u>

२३ यस अघि उल्लखे गरिएका नीति एवं कार्यक्रमहरुको सन्दर्भमा विकासको बृहत्तर लक्ष हासिल गर्ने क्रममा यस बजेटले आगामी आर्थिक बर्षको लागि निम्न तीन महत्वपूर्ण बिषयहरुलाई प्राथमिकता दिएको छ :

- विकास आयोजनाहरु समयमा सम्पन्न गर्ने र तिनको प्रभावकारीतामा बृद्धि गर्ने,
- विकेन्द्रीकरणमा आधारित ग्रामीण विकासका लागि स्थानीय निकायलाई सक्षम तुल्याउने, र
- सरकारी यन्त्रलाई छरितो, स्वच्छ र जनमुखी बनाउन प्रशासनिक सुधार गर्ने ।

**विकास आयोजनाहरु समयमा सम्पन्न गर्ने र तिको प्रभावकारितामा बृद्धि गर्ने ।**

२४ बजेटको सफल कार्यान्वयनका निम्ति विकास बजेटको उपयोग बढाउन समयमै बजेट निकासा गर्ने, योजनाहरुको समयमै मूल्यांकन गर्ने, कार्य सम्पादन गर्न आवश्यक पर्ने अधिकारको विकेन्द्रीकरण गर्ने जस्ता कुरामा ध्यान दिनु पर्ने हुन्छ । श्री ५ को सरकारले यिनै कुराहरुलाई दृष्टिगत गरी चालु आर्थिक बर्षमा आर्थिक प्रशासन सम्बन्धी नियमहरुमा संशोधन गरेको छ । यसको फलस्वरुप आर्थिक अधिकारको विकेन्द्रिकिरण भएको र आयोजना वा कार्यलयमा प्रमुखले कार्यस्थलमै निर्णय गरी खर्च गर्न पाउने रकमको सीमा समेत बृद्धि भएको छ । आगामी आर्थिक बर्षमा यस सम्बन्धमा थप सुधारका लागि सरकारले निम्नलिखित नीति र कार्यक्रम अपनाउने छ ।

१) विगत बर्षहरुमा अघिल्लो आर्थिक बर्षको खर्चको ६ भागको एक भाग रकम आर्थिक बर्षको शुरुमा पेश्की खर्च स्वरुप दिइने गरेकोमा आयोजनाहरुको कार्यान्वयनमा तीब्रता ल्याउन आगामी आर्थिक बर्षदेखि सो रकम बढाई बार्षिक बजेटको एक तिहाई अंश स्वत्तः निकासा प्राप्त हुने गरी पेश्की खर्चको रुपमा दिने व्यवस्था गरिनेछ ।

२) बजेट निकासा चाँडो होस् भन्नाको लागि आगामी आर्थिक बर्षदेखि जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालयले श्री ५ को सरकारको श्रोतको बजेट जिल्ला जिल्लामा नै निकासा दिए जस्तै बेदेशिक सहायता श्रोतको बजेट निकासा स्वतः दिन सक्ने व्यवस्था मिलाइएको छ। यसबाट बैदेशिक सहायताको उपयोग पनि बढ्न जाने विश्वास लिइएको छ ।

३) बेरुजु र अनियमितताका आधारमा बजेट निकासा रोक्ने गर्दा आयोजना कार्यान्वयनमा प्रतिकूल असर पर्ने हुँदा त्यस्तो प्रथा कायम राख्नुको सट्टा प्रचलित आर्थिक ऐन, नियम अनुसार जिम्मेवार आयोजना वा कार्यालय प्रमुखलाई त्यस्तो अनियमितताका लागि आवश्यक कारवाही गर्ने, तर त्यसको कारणले आयोजनाको बजेट निकासामा अवरोध खडा नगर्ने व्यवस्था गरिनेछ ।

४) केही छानिएका बैदेशिक सहायता प्राप्त आयोजनाहरुमा इम्प्रेष्ट खाता र विशेष खाता सम्बन्धित आयोजनाले नै संचालन गर्न पाउने व्यवस्था मिलाइनेछ ।

५) बैदेशिक सहयोग हचुवा किसिमले हरेक क्षेत्रमा लिने परिपाटी यस सरकारले त्यागेको छ । विगतमा देशको विदेशी सल्लाहकार उपर अत्यधिक निर्भरता थियो । यसको नतिजा हाम्रो सामु छ । अतीतका कैयौं आयोजनाहरुको बनौट नै दोषयुक्त छ र ती अहिले सरकारको लागि बोझ्र सावित भैरहेको छन् । ऋणको भार मात्र हामीमा थोपरिएको छ । यस्तै अत्ति निर्भरताले गर्दा आज हामी विद्युतको क्षेत्रमा लोड सेडिङ्गको स्थितिमा पुगेका छौं । तर अतीतका दोषपूर्ण आयोजनाहरुको बोझ्र र विसंगतिहरुको मूल्य भने प्रजातान्त्रिक सरकारले आफ्नो कार्यकालको एक बर्ष भित्रै चुकाउनु परेको छ । त्यसैले आगामी आर्थिक बर्ष देखि विदेशी सहायता र सल्लाहकार सेवाको उपयोग गर्ने कुरामा सरकारले शतर्कता र विवेकपूर्ण निर्णय गर्ने तथा अग्रणीको भूमिका निर्वाह गर्नेछ ।

६) विगतका विसंगती हटाउन सरकारले उत्पादनमूलक, आर्थिक र सामाजिक प्राथमिकताका क्षेत्रहरुमा बैदेशिक सहायता परिचालन गर्ने नीति लिएको छ ।हालका बर्षहरुमा कुल बैदेशिक सहायतामा ऋणको अंश बढ्दै गएको छ । तर जुन मात्रमा बैदेशिक सहायतको प्रवाह देशमा भैरहेको छ सो अनुरुप विकासको गति भने अगाडि बढ्न सकेको छैन । बैदेशिक सहायतको ठूलो दुरुपयोग भएको जनगुनासो बढ्दै गएको छ । यस परिप्रेक्ष्यमा बैदेशिक सहायता सम्बन्धी सूचनालाई सार्वजनिक रुपमा प्रकाशमा ल्याइने छ । साथै आयोजना सम्पन्न भएपछि त्यसको मूल्यांकन समेत गराई बैदेशिक सहायताको उपयोग सम्बन्धी यथार्थ वस्तुस्थिति जनसमक्ष राखिनेछ । यसबाट बैदेशिक सहायतामा हुने गरेको दुरुपयोग जनस्तरबाटै हटाउन समेत सघाउ पुग्ने विस्वास लिएको छु ।

७) क्रमिक रुपमा बढ्दो सरकारी खर्च तर राजश्वको सानो आधारले गर्दा सरकारी क्षेत्रको खर्च उपयुक्त ढंगले व्यवस्थापन गर्नु अपरिहार्य भैसकेको छ । अतः संचालनमा रहेका आयोजनाहरुको समय समयमा पुनरावलोकन गरी त्यसता आयोजनाहरुलाई आवश्यकतानुसार बन्द गर्ने, घटाउने वा बढाउने दृष्टिकोण लिइने छ। अनुत्पादक सरकारी खर्चमा कटौती गर्ने उपायहरुको अवलम्बन गरिनेछ ।

८) विकास आयोजनाहरुले रकमको माग गरे नगरेको , माग अनुसार निकासा पाए नपाएको र निकासा अनुसार खर्च गरे नगरेको आवधिक जानकारी लिई मन्त्रालय देखि आयोजना स्तरसम्म सत्तर्क गराउने प्रक्रियाको थालनी गरिने छ।

९) वर्तमान खर्चको वर्गीकरण गर्ने प्रक्रिया पारदर्शी नभएकोले सरकारले गरेको यथार्थ पूँजीगत खर्चको मूल्यांकन गर्न सकिने स्थिति छैन । विकास खर्चको ठूलो अंश सालवसाली प्रशासनीक कार्यमा खर्च भैरहेको छ । यसले गर्दा बजेटको आकार बर्षे पिच्छे बढ्दै गएता पनि त्यसको प्रतिफल सर्वसाधारण जनताले प्राप्त गर्न सकेका छैनन् । अतः सार्वजनिक साधनको सदुपयोग गर्न, त्यस्तो खर्चलाई विकास कार्यक्रमसित आवद्ध गर्न र पारदर्शी बनाउन बजेट वर्गीकरण प्रणालीमा नै सुधार गरी सालवसाली खर्च एवं पूँजीगत खर्च स्पष्ट रुपमा विभाजन गर्ने व्यवस्था मिलाइनेछ ।

**विकेन्द्रीकरणमा आधारित ग्रामीण विकासका लागि स्थानीय निकायलाई सक्षम तुल्याउने ।**

२५ विकास बजेटको ठूलो भाग ग्रामीण विकासका निम्ति लगाउने सरकारको घोष्ति नीतिको सफलता स्थानीय निकायहरुको कार्यकुशलता र खर्च गर्न सक्ने क्षमतामा निर्भर हुन्छ । त्यसैले स्थानीय निकायलाई सक्षम बनाउन निम्न कुराहरुमा ध्यान दिइनेछ ।

१) सीमित साधन श्रोत भएका स्थानीय निकायहरुद्धारा संचालन हुने विकास र निर्माण कार्यमा प्रतिकूल असर पर्न नदिन सरकारसँग भएका डोजर लोडर, ट्रिपर जस्ता उपकरणहरु सडक निर्माण, बाढी पहिरो नियन्त्रण गर्ने कामहरुमा प्रयोग गर्न स्थानीय निकायहरुलाई उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

२) स्थानीय विकास प्रशिक्षण केन्द्रहरुले जिल्ला विकास आयोजनाको संभाव्यता अध्ययन, आयोजना तर्जुमा, छनौट र संचालन आदि बिषयहरुमा स्थानीय निकायहरुलाई सक्षम बनाउन प्रशिक्षण एवं परामर्श दिने व्यवस्था मिलाइने छ ।

**सरकारी यन्त्रलाई छरितो, स्वच्छ र जनमुखी बनाउन प्रशासनिक सुधार गर्ने**

२६ सरकारी यन्त्रलाई छरितो, स्वच्छ र जनमुखी बनाउन क्रममा उच्च स्तरीय प्रशासन सुधार आयोगका सुझावहरुलाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ । यस क्रममा निम्न कुराहरुमा ध्यान दिइनेछ ।

१) सरकारले अवलम्बन गरेको आर्थिक खुलापन एवं विकेन्द्रीकरणको नीतिको सन्दर्भमा अनावश्यक देखिएका निकायहरु हटाउने, गाभ्ने वा तिनको भूमिका पुनः परिभाषित गर्ने जस्ता संस्थागत समायोजनको कार्य आगामी आर्थिक बर्ष भित्रमा प्रायःपुरा गरिनेछ ।

२) उद्योग वाणिज्य जस्ता क्षेत्रहरुमा अनावश्यक सरकारी नियन्त्रण हटाइनेछ ।

३) राजश्व विकास तथा निर्माणसँग सम्बन्धित कार्यालयहरुमा आर्थिक अनियमितता नियन्त्रण गर्न विशेष निगरानी राखिनेछ ।

४) निजामती कर्मचारीहरुको सेवा, सुरक्षा तथा बृत्ति विकास सम्बन्धमा परिवर्तित सन्दर्भ तथा आधुनिक मान्यता अनुरुप स्पष्ट कानूनी व्यवस्था गरिनेछ ।

५) आयोजना र विभागीय प्रमुखहरुको कार्य विवरणको आधारमा कार्य सम्पादन मूल्याङ्कन गर्ने र सही मूल्याकंनलाई दण्ड र पुरस्कारको आधार बनाइनेछ ।

६) सरकारी कार्यालयहरुलाई छिटो छरितो रुपमा काम गराउन यस्ता निकायहरुबाट प्रदान हुने सेवा र सहुलियतको प्रक्रिया यथासम्भव पारदर्शक, स्वचालित र समयवद्ध गराउँदै लगिनेछ ।

२७ स्पष्टटाः माथि उल्लेखित अधिकांश प्रयासहरु पूँजीको कुशलता अभिबृद्धि गर्ने तथा राष्ट्रिय लगानीको प्रतिफल बढाउने तर्फ लक्षित छन् । तर लगानीको स्तर र लगानीको प्रतिफल बढाउँदै लैजान आन्तरिक साधनको अधिकतम परिचालन गर्नु प्रारम्भिक शर्त ठहर्दछ । अहिले हाम्रो राष्ट्रिय वचत दर निकै कम रहेको छ । त्यसैले राष्ट्रिय बचत बढाएर उत्पादनशील तथा प्राथमिकता प्राप्त क्षेत्र तर्फ कर्जा प्रवाह गराउने चुनौती हाम्रो सामु छ । यस दिशा तर्फ यस बजेटले विशेष प्राथमिकता दिएको छ र तयसका लागि आवश्यक नीतिगत कार्यक्रम समावेश गरेको छ।

१) उदार आर्थिक नीति अवलम्बन गरिएको हालको अवस्थामा निजी क्षेत्रबाट हुने बढ्दो पूँजीको मागलाई आपूर्ति गर्न गतिशील पूँजी बजारको आवश्यकता महशूस गरिएको छ । पूँजी बजार विकासका लागि हाल रहेको सेक्यूरिटी खरिद विक्री केन्द्रको संस्थागत स्वरुप मै परिवर्तन गरी त्यसलाई स्टक एक्सचेन्जको रुपमा विकास गरिनेछ । त्यस्तै संस्थागत रुपमा पूँजी निष्कासन कार्य सरल एवं व्यवस्थित तुल्याउन स्टक एकसचेन्जलाई आवश्यक नीति निर्देशन दिन एक वेग्लै धितोपत्र कारोवार समितिको गठन गर्न आवश्यक नियम कानूनको व्यवस्था आगामी बर्ष गरिनेछ ।

२) स्टक एक्सचेन्जको कारोवारलाई ब्यापक पार्ने उद्देश्यले सेक्यूरिटीको निष्कासन र वेच विखन गर्ने कार्यलाई सघाउन निजी क्षेत्रमा मर्चेन्ट बैक, अन्डरराइटर्स, संस्थागत दलाल र निजी पार्टी खडा गर्न दिइनेछ ।

३) साना तर निश्चित अनुपातमा मात्र बचत गर्न सक्ने ग्रामीण क्षेत्रका वचतकर्ताहरुको बचत परिचालन गरी विभिन्न संगठित उद्योगहरुको शेयर,वण्ड, सरकारी धितोपत्र आदिमा लगानी गरी सो लगानीबाट उपलब्ध मुनाफालाई साना बचतकर्ता बीच वितरण गर्ने उद्देश्यले सरकारी स्वामित्वमा रहेका वित्तीय संस्थानहरुलाई “म्युचुयल कम्पनी” स्थापना गर्न दिने नीति अवलम्बन गरिनेछ । यसरी स्थापना हुने कम्पनीहरुको पूँजीलार्य इकाईमा विभाजन गरी दोश्रो बजार मार्फत खरिद विक्री गर्न दिइने छ। यस्ता इकाईहरुको ग्रामीण क्षेत्रमा बेचविखन गर्न स्थानीय हुलाक कार्यालयको सेवा पनि उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

४) वित्तीय संस्था खासगरी नेपाल बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंक र नेपाल औद्योगिक विकास कर्पोरेशनको कार्यकुशलता अभिबृद्धि गरी बैंकहरुको लगानकिो गुणस्तर बृद्धि गर्ने उद्देश्यले शुरु गरिएको वित्तीय सुधार कार्यक्रम जारी राखिने छ ।

५) मुद्रा बजारलाई विकसित गर्न र देशको मौद्रिक तरलताको उचित व्यवस्थापन गर्न आगामी बर्ष विभिन्न सुधारात्मक कदमहरु उठाइने छ । यस अनुसार सरकारी ट्रेजरी विल तथा नेपाल राष्ट्र बैकको धितोपत्रहरुको बोलकवोल काठमाडौ बाहिर समेत गर्ने व्यस्था मिलाइने छ ।

६) साना बचतकर्ताहरुको लगानी सुरक्षित गर्न किस्तावन्दी विक्री वितरण तर्फ हाल देखा परेको अन्यौलको स्थितीलाई समाप्त गरी यस्ता कार्यहरुलाई संस्थागत गर्त "हायर परचेज वा लिजिङ्ग कम्पनी" को व्यवस्था गरिने छ। सार्वजनिक संस्थानहरुका साथै निजी क्षेत्रका उद्योगहरुलाई आवश्यक पर्ने पूँजी आन्तरिक बचतको रुपमा परिचालन गराउन यस्ता संस्थाहरुले आवधिक निक्षेप संकलन गर्न सक्ने तुल्याउन आवश्यक व्यवस्था मिलाइनेछ र विद्युत, यातायात जस्ता क्षेत्रहरुको विकासमा सघाउ पुऱ्याउन  सो सँग सम्बन्धित सरकारी वा निी कम्पनीहरुलाई दिर्घकालीन वण्ड निष्कासन गर्ने अधिकार प्रदान गर्न पनि आवश्यक व्यवस्था मिलाइनेछ । निजी क्षेत्रमा वित्त कम्पनीहरु स्थापना गर्न लिइएको उदार नीति आगामी बर्षमा पनि कायमै राखिने छ । यसबाट आन्तरिक बचत परिचालन र यसको उपयोगितामा ठूलो सघाउ पुग्ने विश्वास लिएको छु ।

७) बीमा व्यवसायको क्षेत्रमा स्वस्थ प्रतिस्पर्धा हुने वातावरणको सृजना गर्ने उद्देश्यले सो व्यवसाय प्रवर्द्धन र व्यवस्थापन गर्न ऐन, नियमहरुमा आवश्यक संशोधन गरिनेछ ।

**सम्माननीय सभामुख महोदय,**

**आर्थिक बर्ष २०४९।५० को व्यय अनुमान**

२८ माथि उल्लेख गरिएका नीति एवं कार्यक्रमहरु बमोजिम मैले आगामी आर्थिक बर्षको बजेट अनुमान तयार पारेको  छु । यी नीति एवं कार्यक्रमहरुको कार्यान्वयनबाट अर्थ व्यवस्थामा स्थितरता आउने र आर्थिक विकासको दरमा बृद्धि हुने विश्वास लिएको छु ।

२९ आर्थिक बर्ष २०४९।५० को लागि मैले जम्मा रु.३३ अर्ब ५९ करोड ५२ लाख खर्च गर्ने प्रस्ताव गरेको छु । यसमध्ये रु.११ अर्ब ९९ करोड ९९ लाख साधारण तर्फ र रु.२१ अर्ब ५९ करोड ५३ लाख विकास तर्फ खर्च गर्न प्रस्ताव गरेको छु । शिर्षकगत खर्चको विस्तृत विवरण अनुसूची ४,५ र व्यय विवरणको किताबमा दिएको छु । साधारण र विकास बजेटबाट खर्च हुने मुख्य मुख्य क्षेत्रहरु र तिनका प्रस्ताव गरिएको बजेट तथा कार्यक्रम संक्षेपमा यहाँ उल्लेख गर्दछु ।

३० साधारण बजेटको ठूलो हिस्सा साँवा एवं ब्याज भुक्तानी र तलब भत्ताका लागि खर्च हुनेछ । कतिपय ऋणमा साँवा तिर्नुपर्ने अवधि शुरु हुन थालेको , ऋणको मात्रा बढदै गएको कारणले तिर्नुपर्ने ब्याजको रकम पनि स्वाभाविक रुपले सालसालै बढ्दै गएको छ । यही २०४९ बैशाख देखि कर्मचारीको तलब भत्तामा बृद्धि गरिएको छ । यी कारणहरुले गर्दा साधारण बजेटमा कमी ल्याउन सकिने गुन्जायास छैन । साँवा एवं ब्याज भुक्तानीको लागि चालु आर्थिक बर्ष २०४८।४९ मा प्रस्तावित रकम रु.३ अर्ब ७९ करोड ७१ लाख रहेकोमा आगामी आर्थिक बर्षका लागि रु.४ अर्ब ३६ करोड ५ लाख  व्यवस्था गरिएको छ। यो रकम साधारण बजेटको ३६.३४ प्रतिशत हुन आउँछ ।  शाही नेपाली सेनाको निम्ति रु.१ अर्ब ७३ करोड र प्रहरी तर्फ रु.१ अर्ब ३५ करोड खर्च गर्ने प्रस्ताव गरेको छु ।

३१ विकास बजेट तर्फ कृषकहरुलाई कृषि सम्बन्धी ज्ञान र शीप निरन्तर उपलब्ध गराउन र कृषि प्रसार सेवालाई एकै थलोबाट कृषक समक्ष पुऱ्याउन रु.११ करोड १० लाखको व्यवस्था गरेको छु । रासायनिक मलखादको मूल्य एवं ढुवानी अनुदानको लागि रु.६० करोड छुट्याएको छु । कृषि अनुसन्धानको निम्ति रु.११ करोड ७४ लाखको प्रस्ताव गरेको छु । कृषकहरुलाई विभिन्न व्यवसायमा कर्जा प्रवाह गर्नको लागि कृषि विकास बैंकलाई रु.७२ करोड ७५ लाख ऋण तथा अनुदानको रुपमा छुट्याएको छु । कृषि वस्तुहरुको खरिद विक्री बढाई कृषकहरुलाई उत्पादन क्रियाकलापमा आकृष्ट गर्नका लागि कृषि बजार विकासतर्फ थप पूर्वाधारहरुको श्रृजनाका लागि आवश्यक रकमको व्यवस्था गरेकोछु ।

३२ माननीय सांसदहरुबाट पटक पटक यो सम्मानित सदनमा व्यक्त भए अनुरुप गरीवीको रेखामुनी रहेका विपन्न वर्गहरुको जीवनस्तरमा सुधार ल्याउन चालु बर्ष उपलबध गराइएको ब्याज अनुदान कार्यक्रमलाई अझ बढी व्यापक एवं विस्तार गर्ने व्यवस्था मिलाएको छु । त्यसैले ग्रामीण क्षेत्रमा साना कृषि व्यवसाय, उत्पादनमुलक एवं आयमुलक रोजगारीको निम्ति चालु बर्षमा २५०० रुपैयासम्मको ऋणमा लाग्ने ब्याजको ८० प्रतिशतसम्म अनुदानको रुपमा सरकारले व्यहोरेकोमा आगामी आर्थिक बर्षको लागि यस्तो सहुलियत ऋण रकमको सीमा रु.५ हजार पुऱ्याएको छु । त्यस्तै साना किसान विकास आयोजना, सघन बैकिङ्ग कार्यक्रम र ग्रामीण महिला विकास कायृक्रम अन्तर्गत दिईने १० हजार रुपौया सम्मको कर्जामा प्रचलित ब्याज दरको एक तिहाई ब्जाय अनुदान दिइएकोमा आगामी बर्ष यस्तो रकमको सीमा १५ हजार सम्म पुऱ्याएको छु ।

३३ ग्रामीण उर्जाको आवश्यकता पुरा गर्न बैकल्पिक श्रोतको उपयोग गरी बन जङ्गलको विनास र तयसबाट वातावरणमा परेको दुष्प्रभाव समेत रोक्न बायोग्याँस प्लाण्ट स्थापना गर्न आवश्यक कर्जा सुविधाको विस्तार गर्नुको साथै दिइआएको पूँजीगत अनुदान कायमै राखेको छु । यस्तो अनुदानको लागि रु.३ करो२१ लाख व्यवस्था गरेको छु । कृषि क्षेत्रको विकासको लागि आगामी बर्ष कूल रु.२ अर्ब ३२ करोड १४ लाखको बजेट व्यवस्था मिलाएको छु ।

३४ विगतमा सिंचाई आयोजनाहरुमा प्रशस्त लगानी भएतापनि किसान वर्गले वाञ्छित फाइदा लिन सकेका छैनन् । जनताको वास्तविक सहभागिता नजुटाई आयोजनालाई दिगो बनाइ राख्न नसकिने तथ्यलाई हृदयंगम गरी सिचाई आयोजनाको संचालनमा उपभोक्ता कृषक समूहलाई आयोजना तर्जुमाको अवस्था देखि नै संलग्न गराउने परिपाटीलाई सरकारले विशेष प्राथमिकता दिनेछ । आगामी बर्ष उपभोक्ता समूहहरुको सक्रिय सहभागितामा संचालन हुने सिचाई कार्यक्रममा रु.५१ करोड ३१ लाख व्यवस्था गरेको छु। हालसम्म निर्माण भैसकेका सिचाई संरचनाहरुबाट बढी भन्दा बढी फाइदा लिने उद्देश्यले मर्मत तथा सम्भार कार्यको लागि रु.८ करोड ७६ लाख विनियोजन गरेको छु ।

३५ कृषकहरुले आफ्नै खर्चमा सिचाई व्यस्था गरेकोमा दिई आएको पूँजी अनुदान कायमै राखेको छु । यस्तो अनुदानको लागि रु.४ करोड छुट्याएको छ । मध्य पश्चिमाञ्चल क्षेत्रको बर्दिया जिल्लामा किसानहरुको सक्रिय सहभागितमा राजापुर पुनर्स्थापन सिंचाई आयोजना कार्यान्वयन गर्न बजेटको व्यवस्था गरेको छु । साथै आगमी बर्ष वागमती सिंचाई आयोजनाको बाँधको ढोका जडान भई केही सिंचाई सुविधा उपलब्ध हुन थाल्नेछ । सिचाई विकास कार्यक्रम अन्तर्गत रु.२ अर्ब ५ करोड ४३ लाख व्यवस्था गरेको छु ।

३६ सर्वसाधारण जनताको सामाजिक तथा आर्थिक विकास गर्न, स्वस्थ्य वातावरणको प्रवर्द्धन गर्न र राष्ट्रिय बनलाई सरकारद्धारा व्यवस्थित वन, संरक्षि वन, सामुदायिक वन, कबुलियती बन एवं धार्मिक वनको रुपमा व्यवस्थापन गरी वनको विकास, संरक्षण तथा वन पैदावारको सदुपयोग गर्नका साथै निजी बनको संरक्षण र विकासमा सहयोग पुऱ्याइने छ । यी कार्यक्रमहरुको लागि रु.९५ करोड ९३ लाखको व्यवस्था गरेको छु ।

३७ मुलुकमा विद्यमान खानेपानीको समस्या समाधान गर्दै लैजान श्री ५ को सरकारले प्राथमिकता दिएको छ । श्री ५ को सरकारद्धारा संचालित खानेपानी आयोजनाहरुमा समेत आयोजनाको छनौट,कार्यान्वयन एवं मर्मत संभार कार्यमा जनताको प्रत्यक्ष सहभागिता रहने किसिमबाट कार्यक्रम संचालन गर्ने नीति अवलम्बन गरिएको छ। यस अनुरुप गाउँ विकास समितिले नै खानेपानीको कार्यक्रम छनौट गरी निर्माण गर्न प्रत्येक गाउँ विकास समितिलाई रु.१५,०००।– उपलब्ध गराउने व्यवस्था गरेको छु । त्यसै गरी शहरी क्षेत्रको खानेपानी आपूर्ति र गुणस्तरमा देखिन आएको ह्रासलाई समेत दृष्टिगत गरी खानेपानीको आपूर्ति एवं वितरण प्रणालीमा सुधार ल्याउन तथा गुणस्तरमा समेत बृद्धि गर्नको निम्ति आवश्यक रकमको व्यवस्था गरेको छु । खानेपानी क्षेत्रमा विभिन्न कार्यक्रमहरु संचालन गर्नको लागि रु.१ अरब २१ करोड ७ लाख खर्च गर्ने प्रस्ताव राखेको छु । त्यसमध्ये रु.१५ करोड ६५ लाख नेपाल खानेपानी संस्थान मार्फत शहरी क्षेत्रहरुमा खर्च हुने छ र रु.१ अर्ब ५ करोड ४२ लाख ग्रामीण क्षेत्रहरमा खर्च गरिने छ।

३८ आधारभूत शिक्षा सर्वसुलभ गराई सबैलाई शिक्षाको समान अवसर प्रदान गराउने तथा महिला साक्षरता माथी जोड दिई निरक्षरतालाई घटाउने र शैक्षिक गुणस्तरमा अभिबृद्धि गर्ने दृष्टिकोण राखी शिषालाई नयाँ मोड दिने नीति अपनाइने छ । आधारभूत र प्रौढ शिक्षा विस्तारमा विशेष जोड दिई लगानीमा प्राथमिकता दिने नीति अनुरुप आधारभूत तथा प्राथमिक शिक्षा आगामी बर्ष देखि संचालन गरिनेछ । उत्पादनमुलक रोजगारीका अवसर सृजना गर्ने परिप्रेक्ष्यमा प्राविधिक शिक्षा र व्यावसायिक तालीम सम्बन्धी लक्ष्यमुखी कार्यक्रमहरु कार्यान्वयन गरिने आधारभूत शिक्षा सर्वसुलभ गराई सबैलाई शिक्षाको समान अवसर प्रदान गराउने तथा महिला साक्षरता माथी जोड दिई निरक्षरतालाई घटाउने र शैक्षिक गुणस्तरमा अभिबृद्धि गर्ने दृष्टिकोण राखी शिक्षालाई नयाँ मोड दिने नीति अपनाइने छ । आधारभूत र प्रौढ शिक्षा विस्तारमा विशेष जोड दिई लगानीमा प्राथमिकता दिने नीत अनुरुप आधारभूत तथा प्राथमिक शिक्षा आगामी बर्ष देखि संचालन गरिनेछ । उत्पादनमुलक रोजगारीका अवसर सृजना गर्ने परिप्रेक्ष्यमा प्राविधिक शिक्षा र व्यावसायिक तालीम सम्बन्धी लक्ष्यमुखी कार्यक्रमहरु कार्यान्वयन गरिने छन् । शिक्षा क्षेत्रमा लगानी बृद्धिको साथै प्रभावकारीता अभिबृद्धि गर्नु उत्तिकै आवश्यक भएकोले आउँदा बर्षहरुमा शिक्षालाई स्वस्थ र स्पष्ट दिशा दिने क्रममा राष्ट्रिय शिक्षा आयोगद्धारा प्रतिवेदनमा उल्लेखित सुझावहरु क्रमशः कार्यान्वयन गरिने छन् ।

३९ आगामी सत्रदेखि उच्च माध्यमिक विद्यालयमा चरणवद्ध रुपमा १० जोड २ कक्षा संचालन गर्न यसता विद्यालयहरुलाई आर्थिक सहायता दिन केही रकम व्यवस्था गरेको छु ।

४० शिक्षा क्षेत्रमा आगामी बर्षको लागि रु.३ अर्ब ५५ करोड ५० लाखको विकास बजेट छुट्याएको छु । त्यसमध्ये आधारभूत तथा प्राथमिक शिक्षाको निमित्त रु.१ अर्ब ९६ करोड ७५ लाखको व्यवस्था गरेको छु ।

४१ ग्रामीण जनसमुदायको स्वास्थ्य सम्बर्द्धनको लागि आगामी बर्षमा ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवा पुऱ्याउने कार्यक्रमको निमित्त रु.५१ करोड ६८ लाख छुट्याएको छु । यसमध्ये ग्रामीस्ण क्षेत्रमा थप प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य उपचौकीहरुको स्थापना र संचालन गर्न रु.५ करोड ३८ लाख छुट्याएको छु । विभिन्न स्वास्थ्य केन्द्रहरुमा औषधी र उपकरण उपलब्ध गराउन रु.२१ करोड ६० लाख छुट्याएको छु । आगामी बर्ष स्वास्थ्य क्षेत्रको लागि रु.७४ करोड १५ लाख खर्च विनियोजन गरेको छु ।

४२ आवश्यक स्वास्थ्य जनशक्तिको उत्पादन गर्न पूवाञ्चल विकास क्षेत्रको धरानमा वि.पी.मेमोरियल मेडिकल इन्स्टीच्यूट स्थापना गरी आर्थिक बर्ष २०५०।५१ मा तालीम कार्यक्रम शुरु गर्ने लक्ष्य मुताविक आगामी आर्थिक बर्षमा प्रारम्भिक कार्य थालिनेछ । त्यस्तै क्यान्सर अस्पतालको स्थापना गर्नेतर्फ आगामी आर्थिक बर्षमा अध्ययन कार्य शुरु गरिनेछ ।

४३ गरीव र विपन्न वर्ग मूलतः ग्रामीण क्षेत्रमा नै रहेकोले त्यहाँको विकास सम्भावनाहरुको अधिकाधिक उपयोगबाट स्थानी नगद आय श्रोतको व्यवस्था गरी ग्रामीण जनताको जीवनस्तर सुधार ल्याउन परिपूरक कार्यक्रमहरुको विकासका लागि यस बजेटले विशेष जोड दिएको छ। यसका लागि सहकारिता कार्यक्रम,प्रस्तावित ग्रामीण विकास बैंक, अन्य वाणिज्य तथा विकास बैंकहरु, ग्रामीण स्वावलम्बन कोष, ग्रामीण तथा घरेलु उद्योग विकास कार्यक्रम र राष्ट्रिय , अन्तर्राष्ट्रिय तथा स्थानीय गैर सरकारी संस्थाहरुलाई समन्वयात्मक रुपमा परिचलन गरी ग्रामीण विकासको लागि पूँजी, प्रविधि, शीप, व्यवस्थापन तथा बजार सेवा जस्ता आधारभूत सेवा सुविधाहरु आवद्धित रुपमा पुऱ्याउने व्यवस्था मिलाइने छ। ग्रामीण घरेलु व्यवसायका लागि सरल कर्जाको प्रवाह गर्ने व्यवस्था मिलाई ग्रामीण क्षेत्रका साना व्यवसायीहरुलाई उपयुक्त तालीम तथा प्रविधि, परियोजना तर्जुमा व्यवस्थापन सरसल्लाह, बजार व्यवस्था आदि एकिकृत र आवद्धित्त रुपमा पुऱ्याउन नेपाल राष्ट्र बैंकको सहभागितामा संस्थागत प्रबन्ध मिलाएको छु । स्थानीय गैर सरकारी स्ंस्थाहरुलाई त्यस्ता कार्यक्रमहरुका आधारमा आवश्यक पूँजी प्रवाह गर्न ग्रामीण स्वाबलम्बन कोषलाई परिचालन गरिनेछ । शिक्षित बेरोजगारहरुको खेर गइरहेको श्रम र शीपको लाभदायक किसिमबाट सदुपयोग गर्न तालीम,ऋण र परामर्श सेवा उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

४४ सरकारले आगामी दिनहरुका गैर सरकारी संघ संस्थालाई ग्रामीण विपन्नता निराकरण गर्ने कार्यक्रम तर्फ उत्प्रेरित गराउने छ । यस्ता गैर सरकारी संघ संस्थालाई संगठित हुन प्रोत्साहित गरिनेछ र सरकारी तथा गैर सरकारी स्तरबाट संचालित कार्यक्रमलाई एक अर्काको पुरकका रुपमा संचालन गरिने छ ।

४५ हाल स्थानीय निकायहरुको निर्वाचन भै सकेकोले स्थानीय स्तरका आयोजनाहरु निर्वाचित निकायहरुबाट संचालन गर्न रु.३४ करोडको विकास अनुदान उपलब्ध गराउने प्रस्ताव गरेको छु ।

४६ ग्रामीण विकासमा महिला वर्गको उल्लेखनीय भूमिका रहने हुँदा विकासको लागि महिलाको सक्रिय सहभागिता जुटाउन महिला विकास कार्यक्रममा रु.५ करोड ८७ लाखको व्यवस्था गरेको छु । त्यस्तै दुर्गम क्षेत्रका जनताको आय एवं जीवन स्तर बृद्धिको लागि रु.२ करोड ९४ लाख छुट्याएको छु ।

४७ आगामी आर्थिक बर्षमा दैनिक आठ सय मेट्रिक टन सिमेण्ट उत्पादन गर्ने क्षमताको उदयपुर सिमेण्ट उद्योगको निर्माण कार्य पूरा भै उत्पादन शुरु हुनेछ । यस उद्योगको लागि आगामी आर्थिक बर्षमा रु.४८ करोड १३ लाखको व्यवस्था गरेको छु । हिमाल सिमेण्ट उद्योगको पुनरुत्थान र वातावरणीय प्रदूषण नियन्त्रण गर्न आगामी बर्षमा रु.२४ करोड व्यवस्था गरेको छु । साथै निर्यात प्रशोधन क्षेत्रको स्थापनाको लागि रु.५ करोड ५ लाख व्यवस्था गरेको छु ।

४८ ग्रामीण अर्थतन्त्रको विकासको निमित्त भौतिक पूर्वाधारहरुको महत्व रहेको सन्दर्भमा आगामी बर्ष सडक कार्यक्रमलाई ग्रामीण मुखी बनाउन विशेष प्रयास गरेको छु। यसै अनुरुप आगामी आर्थिक बर्षमा सडक यातायाततर्फ कूल रु.२ अर्ब ६५ करोड ८४ लाख मध्ये ग्रामीाण क्षेत्रको सडक सम्बन्धी भौतिक पूर्वाधारको लागि रु.२ अर्ब २० करोड ६ लाख छुट्याएको छु । यसमध्ये ग्रामीण क्षेत्रमा जनसहभागिताबाट बनाइने सडकको लागि रु.२० करोड व्यवस्था गरेको छु ।

४९ हालसमम सडक क्षेत्रमा लगानी गर्दा विशेषतः नयाँ आयोजनाहरुमा नै ध्यान केन्द्रित गरिने परिपाटी रहेको र निर्माण भैसकेका संरचनाहरुको मर्मत संभारमा अपेक्षाकृत कम ध्यान पुग्न गएबाट राष्ट्रले लगानीको पूर्ण फाइदा उठाउन सकेको छैन । अतः हालसम्म निर्मित संरचनाहरुबाट अधिकतम उपयोगिता लिने नीति अनुरुप सडक मर्मत, संभार तथा पुनरुद्धारको लागि रु.१ अर्ब २४ करोड ३५ लाख व्यवस्था गरेको छु ।

५० विद्युतको माग बढ्दै गएको सन्दर्भमा विद्युत उत्पादन बढाउने आयोजना कार्यान्वयनलाई दिइएको प्राथमिकता आगामी बर्ष पनि जारी नै रहनेछ । आगमी बर्षको कार्यक्रममा निर्माण भैरहेका उत्पादन आयोजनाहरुमध्ये १२ हजार किलोवाट क्षमताको झिमरुक, १ हजार किलोवाट क्षमताको तातोपानी दोश्रो चरण र ६०० किलोवाटको नाम्चे साना जलविद्युत आयोजनाहरु उल्लेखनीय छन् । ठूलो आयोजनामा अरुण तेश्रोको लागि आर्थिक साधन जुटाउन तथा यसको संशोधित स्वरुप कार्यान्वयनका लागि प्रारम्भिक तयारीको प्रयास जारी रहनेछ । यस बाहेक कालीगण्डकीको विस्तृत डिजाइन र खिम्तीको सम्भाव्यता अध्ययन कार्यहरु पनि समावेश गरिएको छ । त्रिशुली–देवघाट आयोजनाको पुनरुद्धार कार्यको लागि रकमको व्यवस्था गरेको छु । प्रसारण तर्फ भारतसँगको विद्युत आदान प्रदान व्यवस्था अन्तर्गत बढी परिमाणमा विद्युत आपूर्ति कार्यलाई सुगम तुल्याउन दुहवी–भण्टावारी १३२ के.भी. लाईनको काम प्रारम्भ गरिनेछ ।

५१ विकासका आधारशिलाहरु ग्रामीण क्षेत्रमा पुऱ्याउने उद्देश्य अनुरुप ग्रामीण विद्युतीकरण कार्यहरु आगामी बर्ष पनि जारी राखिनेछ । छैठौं विद्युत आयोजना आगामी बर्ष पुरा गरिनेछ र सातौं विद्युत आयोजनाको कार्यान्वयनलाई अघि बढाइनेछ । आगामी आर्थिक बर्षमा विद्युत क्षेत्रको लागि जम्मा रु.२ अर्ब ७१ करोड ५८ लाख रकम विनियोजन गरिएको छ ।

५२ पर्यटनतर्फ हाल खुल्ला गरिएका क्षेत्रहरुको वातावरण संरक्षण तथा सुरक्षालाई समेत ध्यानमा राखी समूहगत रुपमा मात्र पद–यात्रीहरुलाई प्रवेश गर्न दिइनेछ । सो वापत पर्यटकहरुले तिुर्न पर्ने शुल्कबाट प्रापत हुने रकम अधिकांश भाग सोही क्षेत्रको विकास कार्यमा लगाउने व्यवस्था गरेको छु । पर्यटन क्षेत्र अन्तार्तगत काठमाडौ, पोखरा तथा गोरखामा केही पूर्वाधार विकास गर्न र संपदा संरक्षण तथा वातावरणमा दुष्प्रभाव नपर्ने गरी पर्यटन कृयाकलापहरुको विस्तार गर्न रु.५ करोड ९७ लाख छुट्याएको छु ।

५३ संचारतर्फ नेपाल अधिराज्यका प्रत्येक जिल्ला सदरमुकाममा टेलिफोन सेवा उपलब्ध गराउँदै जाने नीति अनुरुप चरणबद्ध रुपमा आयोजना संचालन गरी टेलिफोन लाइन उपलब्ध गराएर राष्ट्रिय ट्रंक टेलिफोनमा आवद्ध गराइनेछ । साथै अधिराज्यका विभिन्न जिल्लाका महत्वपूर्ण इलाकाहरुमा र हालसम्म टेलिफोन सेवा उपलब्ध नभएका केही दुर्गम जिल्लाका सदरमुकामहरुमा समेत टेलिफोन सेवा उपलब्ध गराउने तर्फ प्रारम्भिक कार्य शुरु गरिनेछ । यसको अतिरिक्त हुलाक सेवाको पनि विस्तार गरिनेछ । आगामी बर्षमा संचार क्षेत्रको लागि जम्मा रु.९२ करोड ७६ लाखको व्यवस्था गरेको छु ।

४५ आर्थिक बर्ष २०४७।४८ को यथार्थ आय व्यय, आर्थिक बर्ष २०४८।४९ को संशोधित आय व्यय अनुमान र आर्थिक बर्ष २०४९।५० को अनुमानित आय व्यय अनुसूचीहरुमा उल्लेख गरेको छु । आगामी आर्थिक बर्ष २०४९।५० का लागि साधारण र विकास गरी जम्मा रु.३३ अर्ब ५९ करोड ५२ लाख २४ हजार विनियोजन गरेको छु । अनुमानित खचृको लागि राजश्वको वर्तमान श्रोतबाट रु.१६ अब् ३० करोड १० लाख ८६ हजार र वैदेशिक अनुदानबाट रु.४ अर्ब ६२ करोड ७ लाख २० हजार, बैदेशिक ऋणबाट रु.१० अर्ब ३५ करोड ३४ लाख १८ हजार गरी बाँकी रु.२ अर्ब ३२ करोड न्यून रहेको छ ।

५५ चालु आर्थिक बर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याइएको खर्चको रकम र खर्च अनुसारको लक्ष्य हासिल भयो भएन त्यसको विवरण छुट्टै पेश गरेको छु ।

**राजश्व सम्बन्धी प्रस्तावहरु**

**सम्माननीय सभामुख महोदय,**

५६ उदार र प्रतिस्पर्धात्मक अर्थ व्यवस्थाविकसित गर्ने सरकारको धारणा र त्यसै अनुरुप अंगिकार गरिएका नयाँ औद्योगिक,वाणिज्य, पर्यटन नीति तथा आंशिक परिवर्त्यताको नयाँ विदेशी विनिमय व्यवस्थाको क्रियान्वयन पछि राजश्व नीतिमा पनि सामयिक परिवर्तन जरुरी भएको छ ।

५७ कर व्यवस्था र संरचना सरल र करदाताका निम्ती ग्राह्य हुन सक्ने भयो भने मात्र यो दिगो हुन्छ र कर तिर्ने स्वेच्छिक प्रबृत्तिको विकास हुन्छ । त्यसैले राजश्व नीतिको तर्जुमा गर्नु अघि देशका अर्थ विदहरु, राजनैतिक दलका प्रतिनिधिहरु, पत्रकार वन्धुहरु तथा उद्योगपत्ति, व्यापारीहरुसँग समेत कर व्यवस्था र संरचनाको सम्बन्धमा सुझाव संकलन गरेको छु । यी सुझावहरु तथा विगत अधिवेशनमा सांसदहरुद्धारा व्यक्त गरिएका विचारलाई समेत दृष्टिगत गर्दै उदार अर्थ व्यवस्थालाई वल पुऱ्याउने तथा सर्वसाधारण जनतालाई समेत राहत पुग्ने किसिमले दीर्घकालीन दृष्टिबाट राजश्व सम्बन्धी प्रस्तावहरु गरेको छु ।

५८ फेरि प्रजातान्त्रिक संरचना भित्र कार्यरत सरकारको एउटा महत्वपूर्ण दायित्व आफ्नो राजश्व नीतिको दीर्घकालीन दिशा र स्वरुपलाई स्पष्ट र पारदर्शक राख्नु समेत भएकोले आगामी दिनहरुमा सरकारले विकसित गर्न खोजेको कर व्यवस्था र त्यसको संरचनालाई निर्देशित गर्ने सरकारको दृष्टि र विचारलाई संक्षेपमा उल्लखे गर्न चाहन्छु ।

**सभामुख महोदय,**

५९ गत बर्ष बजेट पेश गर्दा मैले राजश्व प्रशासनलाई तालीम प्राप्त कर्मचारीहरुद्धारा मात्र संचालन गराउन, पेशागत रुपमा दक्षता बढाउन र अन्य क्षेत्रबाट राजश्व प्रशासनमा सरुवा हुने दवाव कम गर्न छुट्टै राजश्व समूह गठन गर्ने प्रस्ताव गरेको माननीय सदस्यहरुलाई विदितै छ । यस अनुसार प्रशासन सेवा भित्र छुट्टै राजश्व समूह गठन गर्ने सम्पूर्ण प्रकृयाहरु पुरा गरी सकेकोले आगामी श्रावण १ गते देखि राजश्व समूह गठन गरिने जानकारी गराउँछु।

६० अन्तर्राष्ट्रिय ब्यापारको परिवर्तित स्वरुपसँग तालमेल राख्न भन्सारमा हाल प्रचलित वस्तु वर्गीकरण संकेतको सिसिएन सिष्टमलाई अन्त्य गरी अन्तर्राष्ट्रिय संस्था भंसार सहयोग परिषद्ले भंसार दरबन्दी र वस्तु वर्गीकरण प्रयोजनको लागि तयार गरेको हार्मेनाइज्ड सिस्टम आज देखि लागु गरेको छु ।

६१ भन्सार प्रशासनलाई समयानुकूल सक्षम, सुदृढ र सवल बनाई राजश्व चुहावट हुन नदिने उद्देश्यले भन्सार गस्ती टोलीलाई सुदृढ र प्रभावकारी बनाउन हाल राजश्व अनुसन्धान महाशाखा अन्तर्गत रहेको उक्त टोलीलाई भन्सार विभाग अन्तर्गत राखी त्यसको परिचालन, रेखदेख गर्नै व्यवस्था पनि मिलाएको छु ।

६२ राजश्वका दरहरु बढाएर राजश्व असूली गर्ने दृष्टिकोण राख्नु भन्दा राजश्वका दरहरुलाई कम गरी राजश्व असूल गर्ने कार्यलाई बढी सरल, पारदर्शक र प्रभावकारी बनाएमा सर्व साधारण जनतालाई पनि राहत मिल्ने र राजश्व चुहावटमा समेत नियन्त्रण हुन गई राजश्व संकलनमा स्वेच्छीक सहभागिता बृद्धि गर्न सकिने कुरालाई ध्यानमा राखी राजश्वका दरहरु घटाई सरल एवं पारदर्शक राजश्व प्रशासन र वैध व्यापारिक कारोवारबाट राजश्व बृद्धि गर्ने नीति अपनाएको छु ।

६३ राजश्व संकलनलाई अभिबृद्धि गर्न आगामी आर्थिक बर्ष देखि पैठारी मूल्याकंन प्रकृया बढी यथार्थ एवम् व्यवहारिक बनाउने, सर्वसाधारण जनताले प्रयोग गर्ने कतिपय अत्यावश्यक उपभोग्य वस्तुहरुमा अन्तःशुल्कको दर कम गर्ने वा खारेज गर्ने कारखानामा खटाइने अन्तःशुल्क निरीक्षकको उपस्थितिलाई क्रमशः हटाउँदै लगी स्वयं निष्काशन प्रणाली लागु गर्ने सिलसिला प्रारम्भ गरेको छु ।

६४ आगमी आर्थिक बर्ष देखि आफ्नो कारोवारको लेखा राखी स्वीकृत लेखा परीक्षकद्धारा लेखा परिक्षण गराउने उद्योग व्यापार पेशा व्यवसायका सम्पूर्ण करदाताहरुले स्वयं कर निर्धारण प्रकृयाको आधारमा आफैले कर निर्धाराण गरी आयकर दाखिल गर्ने व्यवस्था लागु गरिनेछ । यस प्रकृया अनुसार स्वयंकर निर्धाराण गर्न सबै करदाताहरुले कारोवार अनुसार राख्नु पर्ने लेखाको तरीका र आय विवरणको ढाँचातोकी आवश्यक विवरणहरु खुलाउनु पर्ने व्यवस्था गरिनेछ । स्वयंकर निर्धारण भएको मितिले तीन बर्ष भित्र प्राप्त भएमा सम्वन्धित करदातालाई आयकर ऐन बमोजिम छलेको करको शत प्रतिशत जरिवाना वा दुई बर्षसम्म कैद वा दुबै सजाय गरिनेछ र झुटठा लेखा वा विवरणलाई साँचो भनी प्रमाणीत गर्ने लेखा परीक्षालाई पनि सजाँय गर्ने कारवाही चलाइनेछ ।

६५ विक्रीकर राजश्स्वको दायरालाई फराकिलो पार्दै लैजाने नीति अनुसार परीक्षणको रुपमा आगामी आर्थिक बर्षमा केही वस्तुहरुको आन्तरिक उत्पादनमा मूल्य अभिबृद्धि करको सिद्धान्त अनुसार कारखाना,डिलर र डिष्ट्रीव्यूटर्स आदिलाई विक्रेतामा दर्ता गरी दुईतहमा विक्रकिर असूल गरिनेछ । यसरी विक्री कर असूल गर्दा डिलरले कारखानालाई तिरेको विक्रकिर कट्टा गर्न (क्रेडिट) दिइनेछ । यसका लागि कारखानाले तोकेका डिलर डिष्ट्रिव्युटरलाई विक्रीकरमा दर्ता गरिनेछ ।

६६ राजश्व चुहावट नियन्त्रण गरी राजश्व असुलीमा सकारात्मक योगदान पुऱ्याउन राजश्व अनुसन्धान महाशाखालाई संरचनात्मक रुपमा सुदृढ तथा प्रभावकारी बनाइनेछ ।

६७ राजश्व प्रशासनलाई बढी सक्षम, क्रियाशील र मितव्ययी बनाउन आगामी आर्थिक बर्षमा राजश्व प्रशासनका संगठनहरुमा संरचनात्मक रुपमा नै सुरधा गर्ने भएकोछु ।

**सभामुख महोदय,**

६८ यिनै नीतिगत अवधारणाले प्रभावित भई आर्थिक बर्ष २०४९।५० को राजश्व प्रस्ताव अब म प्रस्तुत गर्दछु ।

६९ हाल व्यापारिक पैठारी र उद्योगले पैठारी गर्ने माल वस्तुहरुमा फरक फरक दायित्व हुने गरी महशूल बुझाउने व्यवस्था भैरहेकोमा र यसबाट उद्योग तथा व्यापार क्षेत्रमा समेत विकृति देखिन थालेकोले अब एकै किसिमको माल वस्तु पैठारी गर्ने उद्योगी वा व्यापारीलाई समान दायित्व हुने गरी महशूल दर कायम गरिएको छ। उद्योगहरुको उत्पादन खर्चमा बृद्धि आउन नदिन उद्योगले प्रयोग गर्ने मुख्य मुख्य कच्चा पदार्थहरुमा न्यूनतम दरबाट महशूल लिने प्रस्ताव गरेको छु । साथै स्वदेशी उद्योगहरुको उत्पादनलाई पैठारी भएका त्यस्तै माल वस्तुबाट प्रतिकूल असर नपर्ने किसिमबाट आन्तरिक उत्पादनमा लाग्ने विक्रीकर तथा अन्तःशुल्क दरमा हेरफेर समेत गरी केही सहुलियत प्रदान गरेको छु ।

७० यस बाहेक समाजका कम आय भएका व्यक्तिले समेत प्रयोग गर्न सकुन भन्ने उद्देश्य लिई ब्ल्याक एण्ड हवाइट टेलिभिजन तथा ५० सि.सि.को मोटर साइकलमा लाग्ने साधारण भन्सार महशूल घटाएको छु । कृषकहरुलाई राहत दिने उद्देश्यले सम्बन्धित निकायले प्रमाणित गरेको बाली नालीमा प्रयोग हुने किटनाशक र कृषकले पैठारी गर्ने २ हर्ष पावर भन्दा बढी क्षमताको पंपिङ्ग सेट तथा चारा काट्ने हाते मेशिनमा सम्बन्धित गाउँ विकास समिति वा नगर पालिकाको सिफारिसमा महशूल माफ गर्ने व्यवस्था गरेकोछु । औषधी उद्योगले पैठारी गर्ने कच्चा पदार्थ , सहायक कच्चा पदार्थ एवं रासायनिकमा लाग्ने महशूल पूर्ण रुपले छुट गरेको छु । जीवनदायी औषधीको रुपमा प्रयोग हुने एण्टीसेरा, भ्याक्सीन, मानवरक्तहरु तथा प्राथमिक उपचारको किट,ड्रेसिङ्ग गर्ने बैण्डेज आदिमा महशूल माफी गरिएको छ।

७१ शहरी क्षेत्रको खासगरी राजनधानीमा मध्यम दूरीको लागि आवश्यक यातायात सेवामा निजी क्षेत्रको सहभागिता समेत बृद्धि गरी सुधार गर्ने हेतुले ट्याक्सी सेवा संचालन गर्नका लागि सार्वजनिक कम्पनीको रुपमा दर्ता भएका कम्पनी वा सरकारी संस्थाले पैठारी गर्ने सवारी साधनहरुमा लाग्ने महशूलमा ५० प्रतिशत छुट दिइएको छ र विक्रीकर नलाग्ने गरिएको छ। साथै पर्यटन प्रवर्द्धनको उद्देश्यले स्थायी स्वीकृती प्रापत ट्राभल ऐजन्सीहरुले पैठारी गर्ने वातानुकुलीत लक्जरी कोच एउटासम्ममा लाग्ने महशूलमा ५० प्रतिशत छुट गरी विक्रीकर पूर्ण रुपमा माफी गरेको छु ।

७२ भारतबाट पैठारी भई आउने वस्तुहरुमा भारतीय अन्तःशुल्क लागि सकेको हुने र श्री ५ को सरकाले फिर्ता पाउने भारतीय अन्तःशुल्क रकमसम्म पैठारी कर्ताले महशूल तिर्नु नपर्ने कुरा माननीय सदस्यहरुलाई अवगत नै छ । यसै तथयलाई दृष्टिगत गरी भारतबाट डि.आर.पी. अन्तर्गत नै अधिकांश रुपमा पैठारी हुने केही वस्तुहरुमा साधारण महशूल दर बढाएको छु । उपरोक्त प्रस्तावहरु तथा मैले पहिले उल्लेख गरे अनुसार महशूल दरहरुमा गरिएको समायोजनबाट हुन गएको परिवर्तन बाहेक अधिकाँश माल वस्तुको साधारण महशूल दरमा परिवर्तन गरिएको छैन ।

७३ छिमेकी मुलुकहरु र अन्य राष्ट्रहरुबाट पैठारी हुने मालवस्तुहरुमा पैठारी महशूल क्रमशः कम गर्दै लग्ने श्री ५ को सरकारको नीति अनुरुप हाल कायम रहेको १३ वटा विभिन्न भन्सार महशूल दरलाइ समायोजन गरी न्यूनतम ५ देखि अधिकतम १०० प्रतिशत सम्म गरी ८ वटा दरहरुमात्र कायम गर्नुका साथै अतिरिक्त भन्सार महशूलको १५,३०,४० र ५० को दरलाई घटाई ५,१०,१५ र २० का दरले मात्र लाग्ने गरी अतिरिक्त भन्सार महसूल दर कायम गरेको छु । ५ प्रतिशत मात्र साधारण भन्सार महशूल दर लाग्ने मालसामानमा अतिरिक्त भन्सार महशूल लाग्ने छैन ।

७४ साथै जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बतबाट पैठारी हुने मालवस्तु तथा अति सौविध्य प्राप्त मुलुकहरुबाट मालसामान पैठारी गर्दा साविकमा दिई आएको अतिरिक्त भन्सार महशूल छुट यथावत कायम गरी दक्षिण एशियाली सहयोग संगठन (सार्क) को सदस्य राष्ट्रहरुबाट पैठारी भै आउने मालसामानहरुमा लाग्ने अतिरिक्त महशूल दरमा भने १० प्रतिशत छुट गर्ने प्रस्ताव गरेको छु ।

७५ वातावरण प्रदुषणलाई नियन्त्रण गर्ने सन्दर्भमा ७ बर्षभन्दा बढी पुरानो यातायात साधनहरु पैठारी गर्न नपाउने व्यवस्था गर्नाका साथै पर्यटकले कार्ने अन्तर्गत ल्याउने यातायतका साधन नेपाल अधिराज्यभित्र दान, उपहार तथा विक्री वितरण गर्न नपाइने व्यवथा समेत गरेको छु ।

७६ द्विपक्षीय वा बहुपक्षिय सम्झौता अनुसार अनुदान सहयोगमा आउने यातायातका साधान लगायत अन्य वस्तुहरु पैठारी हुँदा हाल महसूल पूर्ण रुपले छुट दिई आएको आगामी आर्थिक बर्षदेखि त्यस्ता वस्तुहरुको अभिलेख प्रयोजनको लागि १ प्रतिशत भन्सार महशूल लगाउने र विक्रीकर तथा अन्य कर महशूल नलाग्ने व्यवस्था गरेको छु ।

७७ आगामी आर्थिक बर्षदेखि विदेशमा कम्तीमा तीन महनिासम्म वसी आय आर्जन गर्ने नेपाली नागरिकहरुले अधिकारिक आय श्रोतको आधारमा डेढ किलो सम्म सुन वा चाँदी ५ किलोसम्म र ६ महिना वा सो भन्दा बढी अवधि बसेकाहरुको हकमा उक्त परिमाणको दोब्बरसम्म सुन र चाँदी भन्सार महशूल तथा विक्री कर तिरी पैठारी गर्न सक्ने व्यवस्था गरेको छु ।

७८ प्राकृतिक सम्पदा र वातावरण संरक्षणको साथै देशलाई आवश्यक वस्तुहरुमा मात्र निकासी महशूल कायम राखी अरु सबै मालवस्तुहरुको निकासीमा निकासी सेवा शुल्क लगाइने व्यवस्था गरेको छु ।

७९ उपरोक्त दर परिवर्तनबाट भन्सार राजश्व असुलीमा केही कमी हुने देखिएतापनि, भन्सार प्रशासनमा सुदृढिकरण, चोरी निकासी पैठारी नियन्त्रण, मालवस्तुहरुको पैठारी मूल्य निर्धारणमा गरिने सुधारले भन्सार राजश्व असूलीमा रु.२५ करोड थप राजश्व उठ्ने अनुमान गरिएको छ।

८० नुहाउने साबुन, विजुलीको चिम, कपडा, विस्कुट, वासिङ्ग पाउण्डर, कृत्रिम धागो, चप्पल, चिनी आदि उपयोग्य वस्तुहरुमा लागि आएको आत्तरिक उत्पादनको विक्रीकर घटाएको छु । साथै भाँडाकुँडा लगायत आल्मोनियमका सबै किसिमका सामानहरु, विरामीले प्रयोग गर्ने अक्सीजन ग्याँस, गोबर ग्याँसको ट्याँक र त्यस्तै खेती सम्बन्धी मेशिनरीहरुमा लागेको आन्तरिक उत्पादनमा लागेको विक्रीकर हटाएको छु ।

८१ स्वदेशी ईटा उद्योगहरुलाई प्रोत्साहन गर्न ईटा पैठारीमा ५ प्रतिशत विक्री कर लगाउने व्यवस्था गरिएको छ।

८२ मैले माथि उल्लेख गरे बमोजिम विक्री करको दायरा फराकिलो पार्दै लैजाने नीति अनुरुप हाललाई चुरोट, उच्चकोटीको मदिरा, वियर , हल्का पेय पदार्थहरु, चाउ चाउ, विस्कुट, वनस्पति तेल र ध्यू, तथा ऊनी धागोहरुमा २ तहको विक्रीकर लगाइएको छ । यी उद्योगहरुले कच्चा पदार्थ पैठारी गर्दा वा स्थानीय खरिद गर्दा श्रोतमा अग्रिम विक्रीकर धरौटी राख्नु नपर्ने गरिनुका साथै यस्ता उद्योगका डिलर होल सेलरहरुले विक्री विलमा कर कार्यालयको छाप लगाउनु नपर्ने व्यवस्था गरेको छु ।

८३ वनस्पति ध्यू सरह भटमासको तेलमा पनि ५ प्रतिशतले विक्रीकर लगाउने प्रस्ताव गरेको छु ।

८४ नेपाल अधिराज्यमा कारोवार गर्ने स्वदेशी तथा विदेशी बीमा कम्पनीहरुले निर्जीवन बीमा वापत उठाउने बीमाको प्रिमियम रकममा आगामी आर्थिक बर्ष देखि ५ प्रतिशतका दरले विक्रीकर लगाउने व्यवस्था गरेको छु ।

८५ उपर्युक्त परिवर्तनहरुबाट थप रु.२० करोड राजश्व संकलन हुने अनुमान गरेको छु ।

८६ अन्तःशुल्कतर्फ, सर्वसाधारणले प्रयोग गर्ने स्वदेशमा निर्मित कपडा, तथा सबै प्रकारका ऊन जस्ता दैनिक उपभोग्य वस्तुहरुमा लाग्ने अन्तःशुल्क दरमा कमी गरेको छु भने दाँत माझ्ने मन्जन र ब्रुस, छाता, विजुलीको् चीम, स्टील भाँडा, विलेट, किला काँटी, बाल्टिन, लिफ स्प्रीङ्ग, ब्रान र सालसीड आयल, कत्था, सोडा पानी, ईटा टायल र कार्वोनेटेड बाहेक अरु हल्का पेय पदार्थमा लागि आएको अन्तःशुलक छुट गरेको छु । साथै फलफूल खेतीलाई प्रोत्साहन गर्न फलफूलबाट बनाईने वाईन र साईडरमा पनि अन्तःशुल्क छुट गरेको छु ।

८७ कपडा र साबुन जस्ता दैनिक उपभोग्य वस्तुहरु एवं पोलिथिन पाइप, एच.वी.पाइप,जी.आई..पाईप, फलामे छड र सिमेन्ट जस्ता विकास निर्माणका सामग्रीहरुको उत्पादन बृद्धि गर्न प्रोत्साहन होस भन्ने ध्ययेले चालु आर्थिक बर्षमा उत्पादन गरे भन्दा बढी उत्पादन गरेजति परिमाणमा त्यस्ता उद्योगलाई २० प्रतिशत अन्तःशुल्क छुट दिने व्यवस्था गरेको छु ।

८८ आगामी आर्थिक बर्ष भित्र चिनी, खाँडसारी, विडी, सिमेन्ट, सलाई तारपीन तेल, पि.भि.सी. कम्पाउण्ड, प्लाष्टिकका झोला, टायर टयूव, कृत्रिम छाला र रेक्जीनबाट उत्पादित वस्तु, धागो, जुत्ता, चप्पल, टीन कन्टेनर, मेटल कन्टेनरहरुमा उद्योगले नै स्वय निष्कासन प्रकृयाद्धारा आफ्नो उत्पादनको लाग्ने अन्तःशुल्क तिरी निकासी गर्न सक्ने व्यवस्था गरेको छु । यसबाट प्राप्त अनुभवका आधारमा स्वयं निष्कासन प्रणालीलाई अन्य उत्पादनहरुमा पनि क्रमशः विस्तार गर्दै लगिने छ।

८९ यसै गरि परिमाणमा मात्र वा परिमाण र मूल्य दुबैमा अन्तःशुल्क लागि रहेका चिरान काठ, सलाई , कार्वोनेटेड हल्का पेय पदार्थ जस्ता कतिपय वस्तुको मूल्यमा अन्तःशुल्क लगाउने प्रस्ताव गरेको छु । यसरी मूल्यमा अन्तःशुल्क लगाउँदा बस्तुको उपभोक्ता मूल्यलाई बढ्न नदिने व्यवस्था मिलाएको छु ।

**सभामुख महोदय,**

९० जन स्वास्थ्यमा नकारात्मक असर गर्ने किसिमको अवान्छित उपभोगलाई निरुत्साहित गर्ने उद्देश्यले आगामी बर्ष मैले वियर र मदिरा जस्ता वस्तुमा अन्तःशुल्क बृद्धि गर्ने प्रस्ताव पेश गरेको छु । जन स्वास्थ्यमा प्रतिकुल असर पर्नबाट रोक्न निम्नकोटी मदिरातर्फ मदिराको उत्पादन र विक्री वितरणमा प्रभावकारी नियन्त्रण गर्ने व्यवस्था मिलाएको छु । यसै सन्दर्भमा वियर मदिरा जस्ता वस्तुको उत्पादन ,विक्री वितरण तर्फ इजाजत दस्तुरहरुको रकम पनि बृद्धि गरेको छु ।

९१ त्यस्तै हालै मात्र सार्वजनिक स्थल र यातायतका साधनहरु, सरकारी अर्धसरकारी कार्यालयहरु एवं उद्योग कल कारखानाहरुलाई धुम्रपान निषेधित क्षेत्र घोषित गर्ने गरि श्री ५ को सरकारले गरेको निर्णयको कार्यान्वयनमा केही सघाउ पुऱ्याउन चुरोटको अन्तःशुल्क बढाउने प्रस्ताव गरेको छु ।

९२ अन्तःशुल्क दरहरुमा प्रस्ताव गरिएको हेरफेरबाट थप रु.५ करोड राजश्व प्राप्त हुनेछ ।

९३ भन्सार महसूल, विक्रीकर तथा अन्तःशुल्कका दरहरु आजैदेखि लागू हुनेछन् ।

९४ न्यून आय भएका करदाताहरुलाई राहत दिन र ठूला लगानीकर्ताहरुलाई पनि बढी भन्दा बढी उत्पादनशील लगानीतर्फ आकर्षित गर्ने हेतुले आगामी आर्थिक बर्षदेखि व्यक्ति दम्पत्ति वा परिवारको लागि आयकर नलाग्ने आयको हदः व्यक्तिको लागि रु.२५ हजार र दम्पत्ति वा परिवारको लीगि रु.३५ हजार प्रस्ताव गरेको छु । आयकर नलागने हद पछिको पहिलो रु.२५ हजार मा १५ प्रतिशत, त्यसपछिको रु.४० हजारमा २५ प्रतिशत र त्यसपछि बाँकी जतिसुकै भएपनि ४० प्रतिशत आयकर लगाइनेछ ।

९५ अस्थायी वासिन्दा साझेदारी फर्म, प्राइभेट लिमिटेड कम्पनी र कर्पोरेट आयकर तिर्नु पर्ने बाहेक अरु संस्थानहरुको आयमा कुनै किसिमको छुट नदिई उपरोक्त बमोजिमको दरले आयकर लाग्ने प्रस्ताव गरेको छु ।

९६ कर्पोरेट आयकरको दर ३५ प्रतिशत कायम गरेको छु ।

९७ नियमित रुपले आय विवरण दाखिला गर्दै आएका र निर्धारित कर रकम चुक्ता गर्दै आएका उद्योग,ब्यापार, पेशा व्यवसाय संचालन गर्ने आयकरदाताहरुलाई आगामी आर्थिक बर्षदेख आयकर चुक्ता प्रमाणपत्र उपलब्ध गराइनेछ । यस्तो प्रमाणपत्र पेश गर्ने करदाताले भुक्तानी पाउने रकममा अग्रिम आयकर कट्टी गरिने छैन । आयकर चुक्ता प्रमाणपत्र पेश गर्ने बाहेक अरु कसैलाई आयकर लागने रकम भुक्तानी दिंदा अग्रिम रुपमा कर कट्टा गरी सम्बन्धित कर कार्यालयको धरौटी खातामा जम्मा गर्नु पर्नेछ । यस्तो भुक्तानी दिने रकम रु.२५ हजार सम्म भए अग्रिम कर कट्टा गर्न नपर्ने र त्यसपछिको रु.२५०१ देखि ५०,००० सम्म १५ प्रतिशत, रु.५०००१ देखि १,००,००० सम्म २५ प्रतिशत र रु.१,००,००० भन्दा माथि ४० प्रतिशत अग्रिम कर कट्टा गर्ने व्यवस्था गरेको छु ।

९८ सिनेमा हल मालिकबाट मनोरञ्जन करको ५ प्रतिशतका दरले आयकर लगाई आएकोमा आगामी आर्थिक बर्षदेखि निजले प्राप्त गर्ने प्रवेश शुल्क र निजको अन्य आय भएमा सो समेत जोडी खूद आय तथा कर निर्धारण गरिनेछ ।

९९ आगामी आर्थिक बर्षदेखि श्री ५ को सरकारले जारी गर्ने ट्रेजरी, विल र नेपाल राष्ट्र बैंकले जारी गर्ने नेपाल राष्ट्र बैंक ऋणपत्रहरुबाट आर्जित आयलाई पनि करदाताको अन्य आयमा समावेश गरी आयकर लगाईनेछ ।

१०० प्रचलित नेपाल कानून बमोजिम तोकिएका विभाग वा कार्यालयमा दर्ता गराउन पर्ने कर्तव्य भएका व्यक्ति, फर्म वा एजेन्सीहरुले दर्ता नगराई कारोवार संचालन गरेमा त्यस्ता आयकरदातालाई निर्धारित करको १५ प्रतिशतले थप आयकर लगाइनेछ । तर २०४९ पौष मसान्तसम्म आय विवरण दाखिला गर्ने करदातालाई यस्तो थप कर लगाइने छैन ।

१०१ करको दायरा भित्र नआएका सम्पत्ति, उद्योग, ब्यापार तथा पेशा व्यवसायको विवरण संकलन गर्ने र कर निर्धारण तथा असूली कार्यमा सहयोग पुऱ्याउने गाउँ वा नगर स्तरका स्थानीय निकायहरुलाई यस्ता करदाताहरुबाट असूल भएको करको २० प्रतिशतले हुने रकम प्रोत्साहन स्वरुप उपलब्ध गराइनेछ ।

१०२ तोकिएको समयभित्रै आय विवरण र निर्धारित कर दाखिल गर्ने करदाताहरुलाई प्रोत्साहनस्वरुप दिने गरेको करको २ प्रतिशत छुट पर्याप्त नदेखिएको हुँदा यस्तो छुट सहुलितमा बृद्धि गरी आगामी आर्थिक बर्षदेखि ५ प्रतिशत छुट दिने व्यवस्था गरेको छु।

१०३ श्री ५ को सरकारको कुनै निकाय वा कार्यालयबाट स्वीकृति, अनुमति वा इजाजत लिई संचालन गर्नु पर्ने शिक्षण, स्वास्थ्य वा अन्य सार्वजनिक संघ संस्थाहरुले कानून बमोजिम अग्रिम रुपमा कट्टा गर्नुपर्ने कर रकम कट्टा नगरी कुनै पनि रकम भुक्तानी दिएमा त्यस्ता संघ संस्थाहरुलाई दिइने सुविधा वा सहुलियत रोक्का गरी ,यस्ता संघ संस्थाको स्वीकृति र अनुमति वा इजाजत स्थगन राख्ने वा खारेज गर्ने कारवाही चलाइने छ।

१०४ नेपाल अधिराज्य भित्र संचालित क्यासिनोबाट बार्षिक रु.८० लाख रोयल्टी लिई आएकोमा केही बृद्धि गरी आगामी आर्थिक बर्षमा बार्षिक १ करोडका दरले असूल गर्ने व्यवस्था गरेको छु।

१०५ नेपाल अधिराज्यमा नेपाली निर्माताहरुद्धारा राष्ट्र र राष्ट्रिय भाषामा निर्मित चलचित्र, भिडिओफिल्म वा टेलीफिल्म प्रदर्शनबाट उठेको मनोरञ्जनकर रकमको ६५ प्रतिशत रकम यस्तो चलचित्र, भिडियो फिल्म वा टेलिफिल्म निर्मातालाई तथा १० प्रतिशत रकम चलचित्र, भिडिओफिल्म वा टेलीफिल्म प्रदर्शन गर्ने हलधनीलाई उपलब्ध गराइनेछ।

१०६ नेपाल अधिराज्यमा निर्मित राष्ट्र राष्ट्रिय भाषाका चलचित्र मात्र प्रदर्शन गर्ने गरी कसैले नयाँ हल निर्माण गर्न इजाजत प्राप्त गरेमा चलचित्र प्रदर्शन भएको मितिले ५ बर्षसम्म उठेको मनोरञ्जन करको ५० प्रतिशत रकम सम्बन्धित चलचित्र निर्मातालाई र ४० प्रतिशत रकम हलधनीलाई उपलब्ध गराइनेछ र सो अवधिसम्म आयकर पनि छुट दिइनेछ।

१०७ राष्ट्र र राष्ट्रिय भाषामा निर्मित चलचित्र प्रदर्शन भएको अवधिमा टिकट विक्रीको आधारमा मनोरञ्जन कर लगाई असूल गर्ने गरी आएकोमा काठमाडौ उपत्यका (काठमाडै, ललितपुर, र भक्तपुर जिल्ला)का सिनेमा हलहरुमा प्रदर्शन गरिने सबै भाषाका चलचित्रहरुबाट प्रदर्शन तथा टिकट विक्री अनुसारको मनोरञ्जन कर लगाई असूलउपर गरिने र उपत्यका बाहिरका सबै हलहरुबाट जुनसुकै भाषाका चलचित्रहरु प्रदर्शन गराएपनि कुल सिट क्षमता र दैनिक प्रदर्शन संख्याको आधारमा तोकिएको प्रतिशत अनुसार मनोरञ्जनकर लगाई असूल गरिने छ।

१०८ हालसम्म आयकर तिर्न पर्ने व्यक्तिहरुलाई मात्र सम्पत्तिकर लगाउने व्यवस्था भई रहेकोबाट आर्थिक दृष्टिले सम्पन्न सबै व्यक्ति तथा संगठित संस्थाहरु यो करको दायरा भित्र नपरेको परिप्रेक्ष्यमा यसलाई केही व्यक्तिहरुमा मात्र सीमित नगरी समाजका सबै सम्पन्न व्यक्ति तथा संस्थाहरुलाई पनि समावेश गरी हाल शहरी क्षेत्र घरजग्गा कर लागि आएको १६ शहरी क्षेत्रमा मात्र आगामी आर्थिक बर्ष देखि सम्पत्ति कर लगाउने प्रस्ताव गरेको छु। यी शहरी क्षेत्रमा कर लाग्ने सम्पत्ति हुने व्यक्ति वा संस्थाहरुका शहरी क्षेत्र बाहिर पनि सम्पत्ति भए सो समेत जोडी सम्पत्ति कर लगाइनेछ। हाल छुट्टै लागि आएको घरजग्गा करलाई खारेज गरेको छु।

१०९ सम्पत्तिकर लाग्ने करको दर निम्न बमोजिम तोकेको छु।

| | |
|---|---|
| १. पहिलो रु.१० लाख सम्म | केही नलाग्ने |
| २. त्यसपछिको रु.१० लाखमा | रु.३००।– |
| ३. त्यसपछिको रु.३० लाखमा | .०५% |
| ४. त्यसपछिको रु.५० लाखमा | .२५% |
| ५. त्यसपछिको रु.१ करोडमा | .५% |
| ६. सो भन्दा माथि जतिसुकै भएपनि | १.५% |

११० अनुत्पादक अवस्थामा रहेका सम्पत्तिलाई उत्पादनशील व्यवसायतर्फ आकर्षित गर्ने उद्देश्यले औद्योगिक प्रतिष्ठानहरुको स्थापना, स्वदेशी कम्पनी तथा संस्थाहरुको शेयर डिवेन्चर र श्री ५ को सरकारले जारी गरेको ऋणपत्रमा लगानी गरेको सम्पत्तिको आर्जन वा श्रोत सम्बन्धमा कर प्रयोजनको लागि कुनै सोधपुछ तथा छानविन गरिने छैन।

१११ आगामी आर्थिक बर्षमा पनि चालु बर्ष जस्तै घर जग्गावहाल करलाई आयकरको दर सरह मिलान गरी घरजग्गा बहाल कर लगाउने व्यवस्था गरेको छु।

११२ हाल लागि आएको हवाई उडान कर दरमा केही बृद्धि गरी आगामी आर्थिक बर्षदेखि भद्रपुर , राजविराज, विराटनगर, जनकपुर, सिमरा, भरतपुर,पोखरा, सिद्धार्थनगर र काठमाडौबाट उडान गर्नेलाई रु ४०, नेपालगंज, दाङ्ग, धनगढी र महेन्द्रनगरबाट उडान गर्नेलाई रु.३० तथा बाकी अन्य स्थानबाट उडान गर्नेलाई रु.२० प्रति यात्रु दरले आन्तरिक हवाई (डान कर लगाउने व्यवस्था गरेको छु। अन्तर्राष्ट्रिय उडानतर्फ सार्क मुलुकको लागि उडान गरेमा रु.५००।– तथा अन्य मुलुकमा उडान गरेमो रु.६००।– प्रति यात्रुका दरले कर लगाउने व्यवस्था गरेको छु। यात्रुहरुलाई उडान गर्न चार्टर गरिएको बायुयानको जम्मा सीट क्षमताको आधारमा हवाई उडान कर असूल गरिनेछ।

११३ हाल लागि आएको सवारी साधनको करको दर केही बृद्धि गरेको छु साथै निजी र भाँडाका ट्रक, बस, मिनिवस जस्ता सवारी साधनमा एउटै दरबाट कर लगाउने व्यवस्था गरेको छु ।

११४ करहरुमा भएको उपर्युक्त परिवर्तनहरुबाट थप रु.५ करोड असूली हुनेछ ।

११५ हाललाई मालपोतको प्रचलित दरमा परिवर्तन नगर्ने प्रस्ताव गरेको छु ।

११६ यस बाहेक रजिष्ट्रेशन सम्बन्धी प्रचलित दर यथावत कायम गरेको छु ।

११७ हाल प्रचलित आन्तरिक हुलाक महसूल दर धेरै समयदेखि परिवर्तन नभएको तर हुलाक बस्तुहरुको परिवहन भाडा र हुलाक टिकट मुद्रण खर्चमा भएको बृद्धि तथा अन्य मित्रराष्ट्रका हुलाक प्रशासनलाई बुझाउनु पर्ने तथा ती मित्रराष्ट्रबाट प्राप्त हुने बैदेशिक हुलाक बस्तुहरको सेवा शुल्क समेतलाई दृष्टिगत गरी हुलाक महशूल दरमा आगामी आर्थिक बर्षदेखि बृद्धि गरिनेछ । तर पत्र पत्रिका, समाचार पत्र आदिको हुलाक महशूल दर यथावत रहनेछ ।

११८ यातायात क्षेत्रमा भएको राष्ट्रिय लगानी, यातायातको मर्मत सम्भार तथा राष्ट्रिय यातायात व्यवस्थित गर्नुपर्ने पक्षलाई समेत दृष्टिगत गरी हाल लागि आएको सवारी दर्ता दस्तुर तथा रुट इजाजत दस्तुरमा आगामी आर्थिक बर्षदेखि बृद्धि गरीनेछ ।

११९ समाजमा आएको खुलापनको साथसाथै हातहतियार खरखजानालाई पनि बढी व्यवस्थित गर्न वान्छनीय भएकोले भरुवा बन्दुकहरुलाई पनि स्थानीय प्रहरी कार्यालयमा दर्ता गर्नुपर्ने गरी अन्य बन्दुक तथा पिस्तौल आदिको रजिष्ट्रेशन, इजाजत पत्र दस्तुर र नविकरण दस्तुर आगामी आर्थिक बर्षदेखि बृद्धि गरिनेछ ।

१२० बन पैदावार दुर्लभ हुँदै गएको र मागँ बमोजिमको आपूर्ति हुन नसक्दा बन पैदावरको बजार मूल्य बृद्धि भई रहेको तर वन पैदावर विक्री वापत प्राप्त हुने रोयल्टी भने विगत केही बर्षदेखि यथावत रहेकोले वन पैदावर विक्री वापतको रोयल्टी आगामी आर्थिक बर्षदेखि बृद्धि गरिनेछ ।

१२१ माथि उल्लेखित गैर कर राजश्व बृद्धि प्रस्तावहरुबाट थप रु.१३ करोड राजश्व प्राप्त हुनेछ ।

१२२ नेपाल अधिराज्यको मुटुको रुपमा रहेको राजधानी काठमाण्डौ प्रवेश गर्ने राजमार्गले केवल अन्य मार्गहरुलाई राजनधानीसँग जोड्ने मात्र नभई सम्पूर्ण देशको विकास अभियानलाई नै आर्थिक, सामाजिक, राजनैतिक तथा सांस्कृतिक दृष्टिकोणबाट पनि गतिशीलता प्रदान गर्नुको साथै विदेशी मुद्रा आर्जन गर्ने श्रोतको रुपमा रहेको पर्यटन व्यवसायलार्य पनि महत्वपूर्ण योगदान दिएको छ। यसर्थ राजधानी प्रवेश गर्ने राजमार्ग राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दृष्टिकोणबाट समेत निरन्तर रुपमा मर्मत सुधार गरी सुगम र सुविधाजनक बनाई राख्न आवश्यक छ । तर श्री ५ को सरकारसँग रहेको सिमित श्रोत र साधनबाट मात्र यसको मर्मत सुधार कार्य सञ्चालन गर्न पर्याप्त नभएकोले यस्तो मर्मत सुधार कार्यमा सडक उपभोक्ताहरुबाट पनि केही रकम जुटाउन आवश्यक देख्दछु । यहि उद्देश्यले मुगलिङ्ग–नौविसे हुँदै काठमाडौ प्रवेश गर्ने र वाहिर जाने बस, ट्रक, कार, भ्यान, जीप, मिनिवस जस्ता चार पाँग्रे सवारी साधनहरुमा आगामी आर्थिक बर्ष २०४९।५० मा प्रति सवारी साधन रु.२०।– का दरले राजमार्ग सुधार दस्तुर लगाउने व्यवस्था गरेको छु । यो रकम आय टिकट प्रयोग गरी असूल गरिने र सो बाट प्राप्त हुने सम्पूर्ण रकम सोही सडकको मर्मत सुधार कार्यमा खर्च गर्ने गरी सडक विभागको जिम्मा रहने गरी कार्य संचालन कोषमा जम्मा गर्ने व्यवस्था मिलाएको छु । यस व्यवस्थाबाट आगामी आर्थिक बर्षमा करिब रु.२ करोड राजश्व प्राप्त हुनेछ ।

१२३ सानातिना फि, शुल्क, दस्तुर आदि बुझाउन बैक धाउन नपनॅ तथा सम्बन्धित कार्यालयमा नगद बुझाउँदा पर्ने झन्झटलाई कम गरी सर्वसाधारण जनताको सुविधाको लागि प्रशासनिक व्यवस्थाहरु सरलीकरण गर्ने समेत उद्देश्यले आगामी आर्थिक बर्षमा यस्तो सानातिना फि,शुल्क, दस्तुर आदि रकमको लागि आय टिकट प्रयोग गर्ने व्यवस्था मिलाइने छ ।

१२४ अन्य बाँकी कर महशूलहरु यथावत राखेको छु ।

१२५ आगामी आर्थिक बर्षको लागि मैले पेश गरेको आय व्ययको प्रस्तावमा रु.२ अर्ब ३२ करोड न्यून रहेकोमा कर परिवर्तन तथा कर प्रशासनको सुदृढीकरण समेतबाट रु.७० करोड र बाँकी रु.१ अर्ब ६२ करोड आन्तरिक ऋणबाट पूर्ति गर्ने प्रस्ताव गरेको छु ।

उपसंहार

**सभामुख महोदय,**

१२६ हाम्रो मुल समस्या गरिवी र पछौटेपन हो । यही समस्याको निवारण नै हाम्रा सम्पूर्ण आर्थिक क्रियाकलाप र प्रस्तुत बजेटको केन्द्रविन्दु हो । तर ध्यान दिनु पर्ने कुरा के छ भने एकातिर हाम्रो गरिवी व्यापक र कहालीलाग्दो छ, अर्को तर्फ त्यससँग जुध्ने हामीसँग साधन र श्रोत मात्र हैन उत्पादनका संभावनाहरु समेत सीमित छन् । यी अवरोध र कठिनाईहरुको बावजुद सरकारले यस चुनौतीलाई स्वीकारेको छ, जन विश्वास पनि आर्जेको छ। जनशक्तिको वलमा प्रजातान्त्रिक क्रान्ती सफल पारे पछि

सरकार आर्थिक क्रान्ती ल्याउने प्रयासमा लागेको छ । हाम्रो जस्तो मुलुकमा जनशक्ति परिचालनद्धारा मात्र आर्थिक क्रान्ति संभव हुन्छ । साधन र श्रोतको कमीलाई मुलुकले जनशक्ति र जन जागरणबाट पूर्ति गर्नुपर्छ ।

१२७ हामी जुन हदको गरीवीको कुरा गरिरहेकाछौं त्यससँग प्रभावकारी ढँगले मुकाविला गर्न ब्यापक दृष्टिकोण र सबै पक्ष समेट्न सक्ने प्रक्रिया चाहिन्छ । यस्तो प्रक्रियाको थालनी दिगो र धान्न सकिने उच्च आथिृक बृद्धि तथा न्यायपूण वितरण प्रणालीको माध्यमबाट मात्र संभव छ । दिगो आर्थिक बृद्धि विना रोजगारी सृजना गर्न सकिन्न, आवश्यक सेवा र सुविधा विस्तार गर्न सकिन्न, नयाँ पूर्वाधार निर्माण हुँदैनन् र भएका पूर्वाधार पनि संरक्षित हुँदैनन, मानव विकासमा लगानी गर्न सकिदैन र सार्वजनिक वितरण प्रणालीलाई धान्न सकिदैन । सारांशमा भन्ने हो भने गरीवी निर्मूल गर्न सकिदैन । त्यसैले उत्पादन बढाउने कुरामा र आर्थिक बृद्धि दरमा तिब्रता ल्याउने कुरामा हामी कुनै पनि व्यवधान र तगाराहरु आउन नदिन प्रयत्नरत छौं । यस्ता प्रश्नहरुमा राष्ट्रिय सहमतिको खोजी र अपेक्षा समेत गर्दछौं । यो संवेदनशील संक्रमणकालको आरोह अवरोहमा सरकार सबै कमी र कमजोरी भन्दा माथि छ भनेर म दावी गर्दिन । तर सरकारको कार्यशैलीमा यदाकदा देखिने कमीहरुलाई आगामी दिनहरुमा सच्याउँदै जाने कुराप्रति भने म माननीय सदस्यहरुलाई आश्वस्त पार्न चाहन्छु ।

१२८ आजको अन्तरनिर्भर विश्व अर्थ व्यवस्थामा सानो र अल्प विकसित मुलुकले आफ्नो अर्थतन्त्रलाई विश्व अर्थ व्यवस्थासँग विलकुल अलग राखेर विकास गर्न सक्दैन । यो कटु यथार्थ हो । त्यसैले हाम्रो निरन्तर चिन्तन विश्वको बदलिंदो आर्थिक ढाँचा र तयसले उत्पन्न गरेको सम्भावनालाई कसरी राष्ट्रिय स्वार्थका लागि प्रयोग गर्न सकिन्छ भन्ने हुनु पर्दछ । अन्तर्राष्ट्रिय आर्थिक मोडलाई समयमै पहिचान गरी राष्ट्रिय अर्थतन्त्रमा आवश्यक समायोजन गर्दै नयाँ परिवर्तन र त्यसबाट उब्जने अवसरहरुबाट हामीले बढी भन्दा बढी फाइदा लिन सक्नु पर्छ । यसका लागि मुख्य कुरा हाम्रो अर्थतन्त्रको मौलिक आधारहरु बलियो हुनुपर्छ र हामीले अर्थतन्त्रलाई प्रतिस्पर्धात्मक बनाउँदै लैजानु पर्छ । हामीले विगत एक बर्ष देखि अपनाई आएको आर्थिक उदारताको नीतिलाई र यो बजेटमा अन्तर्निहित नीति एवं कार्यक्रमलाई यही परिप्रेक्ष्यमा बुझ्नु म आग्रह गर्दछु ।

१२९ नेपालको आर्थिक तथा सामाजिक विकासमा मित्र राष्ट्रहरु र बहुपक्षीय संस्थाहरुको योगदान सह्राहनीय छ । प्रजातन्त्रको पुनर्वहाली पछि निर्वाचित सरकारले प्रतिपादन गरेको नीति तथा कार्यक्रममा मित्र राष्ट्रहरु र बहुपक्षीय संस्थानहरुले समर्थन जनाई सहयोग बृद्धि गरेकोमा श्री ५ को सरकारको तर्फबाट धन्यवाद दिन चाहन्छु ।

१३० मैले आगामी आर्थिक बर्षको बजेट तर्जुमाको क्रममा माननीय सांसद मित्रहरुका साथै बुद्धिजीवी, उद्योगपति, ब्यापारी, पत्रकार साथीहरुबाट पाएको सुझाव र सल्लाहको लागि म सबैलाई आभार प्रकट गर्न चाहन्छु ।

**सम्माननीय सभामुख महोदय,**

१३१ मलाई विश्वास छ, आम नेपाली जनता र जनप्रतिनिधि सांसदहरुको सहयोग र समर्थनका स्वरहरुले आगामी आर्थिक बर्ष २०४९।५० को बजेटमा अन्तर्निहित नीति र कार्यक्रमहरुले सफलता हासिल गर्नेछन् ।

**जय नेपाल**

अनुसूची १

आय व्ययको विवरण

रु. हजारमा

| आ.ब. ०४७।४८ को यथार्थ | विवरण | आ.ब. ०४८।४९ को संशोधित अनुमान | आ.ब. ०४९।५० को अनुमान |
|---|---|---|---|
| २३५४९७९८ | कूल खर्च | २४,५७४,६३१ | ३३,५९५,२२४ |
| ७५७०२६२ | साधारण तर्फ | ९,६२८,९५७ | ११,९९९,८९० |
| १५९७९५३६ | विकास तर्फ | १४,९४५,६७४ | २१,५९५,३३४ |
| १२८९४६५८ | खर्च व्यहोर्ने श्रोतहरु | १५,५५९,६०२ | २१,६२१,८०६ |
| १०७२९९०९ | राजश्व | १३,३०३,२०० | १७,००१,०८६ |
|  | राजश्वको वर्तमान श्रोतबाट |  | १६,३०१,०८६ |
|  | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट |  | ७००,००० |
| २१६४७४९ | बैदेशिक सहायता (अनुदान) | २,२५६,४०२ | ४,६२०,७२० |
| १८८९१०५ | द्विपक्षीय | १,७४१,४२४ | ३,६९०,५३८ |
| २७५६४४ | बहुपक्षीय | ५१४,९७८ | ९३०,१८२ |
| -१०६५५१४० | बचत (+) न्यून (-) | -९,०१५,०२९ | -११,९७३,४१८ |
| १०६५५१४० | न्यून पूर्ति गर्ने श्रोतहरु | ९,०१५,०२९ | ११,९७३,४१८ |
| ६२५६७२१ | विदेशी सहायता (ऋण) | ७,०७५,६२५ | १०,३५३,४१८ |
| १६०२७८३ | द्विपक्षीय | २,५०३,८०६ | ६७८,६५० |
| ४६५३९३८ | बहुपक्षीय | ४,५७१,८१९ | ९,६७४,७६८ |
| ४५५२७२३ | आन्तरिक ऋण | २,०८२,२०४ | १,६२०,००० |
| ३७१३२२३ | बैकिङ्ग क्षेत्र | १,१८२,२०४ | ९२०,००० |
| ८३९५०० | गैर बैकिङ्ग क्षेत्र | ९००,००० | ७००,००० |
| -१५४३०४ | नगद मौज्दातमा परिवर्तन (- बचत) | -१४२,८०० |  |

* वित्तीय सुधार कार्यक्रमको रु.३ अर्ब २७ करोड २७ लाख समेत ।

राजश्व अनुमान
आर्थिक बर्ष २०४९/५०

अनुसूची २
रु.हजारमा

| संकेत संख्या | शीर्षक | वर्तमान श्रोतबाट | कर परिवर्तन र प्रशासनिक सुधारबाट | जम्मा |
|---|---|---|---|---|
| १.१.१.० | भन्सार महसूल | ४,००७,६६२ | २५०,००० | ४,२५७,६६२ |
| १.१.१.१ | पैठारीबाट | ३,२४०,००० | २००,००० | ३,४४०,००० |
| १.१.१.२ | निकासीबाट | १२७,२१३ | | १२७,२१३ |
| १.१.१.३ | भारतीय अन्तःशुल्क फिर्ता | ६३८,६४९ | ५०,००० | ६८८,६४९ |
| १.१.१.४ | भन्सारको अन्य आय | १,८०० | | १,८०० |
| १.१.२.० | वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने अन्तःशुलक र कर | ६,०९५,४०० | २६०,००० | ६,३५५,४०० |
| १.१.२.१ | औद्योगिक उत्पादनमा अन्तःशुल्क | १,६४९,४०० | ५०,००० | १,६९९,४०० |
| १.१-२.२ | मदभट्टी ठेक्का रकम | १,००० | | १,००० |
| १.१.२.३ | बिक्री कर | ३,६५०,००० | २००,००० | ३,८५०,००० |
| १.१.२.४ | मनोरञ्जन कर | ७०,००० | | ७०,००० |
| १.१.२.६ | होटल कर | २१०,००० | | २१०,००० |
| १.१.२.७ | हवाइ उडान कर | २१०,००० | १०,००० | २२०,००० |
| १.१.२.८ | ठेक्का कर | २३०,००० | | २३०,००० |
| १.१.२.९ | सडक पुल सम्भार कर | ६५,००० | | ६५,००० |
| १.१.२.९ क | अन्य कर | १०,००० | | १०,००० |
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | ७१५,९६६ | २०,००० | ७३५,९६६ |
| १.१.३.१ | माल र मालपोत कार्यालयबाट उठाउने मालपोत | ७८,७५६ | | ७८,७५६ |
| १.१.३.३ | घर जग्गा रजिष्ट्रेशन दस्तुर | ६३७,२१० | | ६३७,२१० |
| १.१.३.४ | आय टिकट दस्तुर | | २०,००० | २०,००० |
| १.१.४.० | आय, नाफा र सम्पत्ति कर | ९४८,६०८ | ४०,००० | ९८८,६०८ |
| १.१.४.१ | आयकर –सरकारी क्षेत्र | १२०,००० | | १२०,००० |
| १.१.४.२ | आयकर– अर्घ सरकारी क्षेत्र | १०,००० | | १०,००० |
| १.१.४.३ | आयकर–सार्वजनिक क्षेत्र | १०,००० | | १०,००० |
| १.१.४.४ | आयकर – निजी क्षेत्र | ६१०,००० | १०,००० | ६२०,००० |
| १.१.४.५ | आयकर–पारिश्रमिक | ५०,००० | | ५०,००० |
| १.१.४.६ | घर जग्गा बहाल कर | ४०,००० | | ४०,००० |
| १.१.४.७ | शहरी क्षेत्र घरजग्गा कर | ११,००० | | ११,००० |
| १.१.४.८ | सवारी साधन कर | ६२,६०८ | ५,००० | ६७,६०८ |
| १.१.४.९ क | ब्याज कर | ३५,००० | | ३५,००० |
| १.१.४.९ ख | सम्पत्ति कर | ० | २५,००० | २५,००० |
| १.१.५.० | दस्तुर दण्ड जरिवाना र जफत | १,७००,००० | ३०,००० | १,७३०,००० |
| १.१.५.१ | फर्म रजिष्ट्रेशन दस्तुर | ३७,८०० | | ३७,८०० |
| १.१.५.२ | एजेन्सी रजिष्ट्रशन दस्तुर | ४१ | | ४१ |
| १.१.५.३ | बन्दुक, पिस्तोल रजिष्ट्रेशन दस्तुर | ८५४ | ४,००० | ४,८५४ |
| १.१.५.४ | सावरी इजाजत दस्तुर | २१,८७५ | २६,००० | ४७,८७५ |
| १.१.५.५ | न्यायिक शुल्क, दण्ड जरिवाना तथा जफत | २६,२५० | | २६,२५० |
| १.१.५.६ | प्रशासनिक दस्तुर, दण्ड जरिवाना तथा जफत | १,६१३,१८० | | १,६१३,१८० |
| १.१.६.० | सरकारी सेवा तथा वस्तुहरुको बिक्रीबाट प्राप्त आय | ८८८,९०० | १००,००० | ९८८,९०० |
| १.१.६.१ | पिउने पानी महसूल | ३,०४२ | | ३,०४२ |
| १.१.६.२ | पानीपोत | ३,२३० | | ३,२३० |
| १.१.६.३ | विदुत महसूल | १,६१० | | १,६१० |
| १.१.६.४ | हुलाक सेवा | ७९,२९७ | २५,००० | १०४,२९७ |
| १.१.६.५ | खाद्य कृषि क्षेत्रको आय | १७,७१० | १०,००० | २७,७१० |
| १.१.६.६ | शिक्षा क्षेत्रको आय | २४,९०७ | | २४,९०७ |
| १.१.६.७ | वन क्षेत्रको आय | २५९,२१८ | ६०,००० | ३१९,२१८ |
| १.१.६.८ | यातायात क्षेत्रको आय | १२७,२९६ | ५,००० | १३२,२९६ |
| १.१.६.९ | अन्य सरकारी क्षेत्रको आय | ३७२,५९० | | ३७२,५९० |
| १.१.७.० | लाभांस | १,०९३,४३० | ० | १,०९३,४३० |
| १.१.७.१ | वित्तीय स.स्था | १,०२३,१५० | | १,०२३,१५० |

| | | | | |
|---|---|---|---|---|
| १.१.७.२ | व्यापारिक संस्था | २५ | | २५ |
| १.१.७.३ | औद्योगिक संस्था | ७०,२५० | | ७०,२५० |
| १.१.७.४ | सेवामूलक संस्था | ५ | | ५ |
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति बिक्री | ५३,५०० | ० | ५३,५०० |
| १.१.८.१ | खानी रोयल्टी | १,८१० | | १,८१० |
| १.१.८.२ | विद्युत रोयल्टी | ५ | | ५ |
| १.१.८.३ | अन्य रोयल्टी | ३०,२६२ | | ३०,२६२ |
| १.१.८.४ | अन्य बिक्री | १८,११५ | | १८,११५ |
| १.१.८.८ | टक्सारको अन्य आय | ३,३०८ | | ३,३०८ |
| १.१.९.० | साँव र ब्याज | ७६८,४८० | ० | ७६८,४८० |
| १.१.९.१ | साँवा–कम्पनी र स.स्थानहरुबाट | ४३६,००० | | ४३६,००० |
| १.१.९.२ | ब्याज–कम्पनी र संस्थानहरुबाट | ३३१,५५० | | ३३१,५५० |
| १.१.९.३ | अन्य साँवा र ब्याज | ९३० | | ९३० |
| १.१.९.० | विविध आय | २९,१४० | ० | २९,१४० |
| १.१.९.४ | विविध आय | २९,१४० | | २९,१४० |
| | | १६,३०१,०८६ | ७००,००० | १७,००१,०८६ |

अनुसूची ३

## राजश्व असुली विवरण

रु. हजारमा

| संकेत संख्या | शीर्षक | आ.ब. २०४७।४८ को यथार्थ | आ.ब. २०४८।४९ को संशोधित अनुमान |
|---|---|---|---|
| १.१.१.० | भन्सार महसूल | ३,०४४,२८२ | ३,५०२,३१५ |
| १.१.१.१ | पैठारीबाट | २,७५२,६६० | २,८७१,८९८ |
| १.१.१.२ | निकासीबाट | ७८,४६६ | १०५,०६९ |
| १.१.१.३ | भारतीय अन्तःशुल्क फिर्ता | २११,६१६ | ५२३,६४८ |
| १.१.१.४ | भन्सारको अन्य आय | १,५४० | १,७०० |
| १.१.२.० | वस्तु तथा सेवाको उत्पादन तथा उपभोगमा लाग्ने अन्तःशुल्क र कर | ३,७६३,४२६ | ४,९६३,६८८ |
| १.१.२.१ | औद्योगिक उत्पादनमा अन्तःशुल्क | १,१९९,६५४ | १,४४१,२०० |
| १.१.२.२ | मदभट्टी ठेक्का रकम | ६६१ | ८०० |
| १.१.२.३ | विक्री कर | २,०२६,१४६ | २,८५०,००० |
| १.१.२.४ | मनोरञ्जन कर | ३९,४९३ | ५०,१७२ |
| १.१.२.६ | होटल कर | ११५,६६० | १८७,१११ |
| १.१.२.७ | हवाइ उडान कर | १७३,४१३ | १७७,८०९ |
| १.१.२.८ | ठेक्का कर | १७३,३०० | १९४,१११ |
| १.१.२.९ | सडक पुल सम्भार कर | ३५,०९९ | ५२,१६४ |
| १.१.२.९ क | अन्य कर | ० | १०,३२१ |
| १.१.३.० | मालपोत तथा रजिष्ट्रेशन | ५३८,८४५ | ६०७,०५० |
| १.१.३.१ | माल र मालपोत कार्यालयबाट उठाउने मालपोत | ८२,१३५ | ८२,५३५ |
| १.१.३.२ | नगरपालिका र गाउँ विकास समितिबाट | ७१ | ३०० |
| १.१.३.३ | घर जग्गा रजिष्ट्रेशन दस्तुर | ४५६,५६३ | ५२४,१८० |
| १.१.३.४ | आय टिकट दस्तुर | ७६ | ३५ |
| १.१.४.० | आय, नाफा र सम्पत्ति कर | ८२९,७८४ | ९२७,१४७ |
| १.१.४.१ | आयकर –सरकारी क्षेत्र | १६२,२६७ | १५०,१०० |
| १.१.४.२ | आयकर– अर्घ सरकारी क्षेत्र | २,७१० | ५,००० |
| १.१.४.३ | आयकर–सार्वजनिक क्षेत्र | ० | १०,००० |
| १.१.४.४ | आयकर – निजी क्षेत्र | ५३१,२४९ | ५८७,५०५ |
| १.१.४.५ | आयकर–पारिश्रमिक | ४९,७१८ | ५०,००० |
| १.१.४.६ | घर जग्गा बहाल कर | २६९ | २०,१२८ |
| १.१.४.७ | शहरी क्षेत्र घरजग्गा कर | २३,९०७ | २२,०११ |
| १.१.४.८ | सवारी साधन कर | ३७,७३५ | ५५,६५६ |
| १.१.४.९ क | ब्याज कर | २१,९२९ | २६,७४७ |
| १.१.४.९ ख | सम्पत्ति कर | ० | ० |
| १.१.५.० | दस्तुर दण्ड जरिवाना र जफत | १,०१२,६६७ | १,१३०,०३८ |
| १.१.५.१ | फर्म रजिष्ट्रेशन दस्तुर | १९,५९० | २५,४९८ |
| १.१.५.२ | एजेन्सी रजिष्ट्रशन दस्तुर | ३२ | ३३ |
| १.१.५.३ | बन्दुक, पिस्तोल रजिष्ट्रेशन दस्तुर | ९५० | १,१९२ |
| १.१.५.४ | सवारी इजाजत दस्तुर | १५,०८४ | १७,९४६ |
| १.१.५.५ | न्यायिक शुल्क, दण्ड जरिवाना तथा जफत | ३०,३८७ | ३०,१४० |
| १.१.५.६ | प्रशासनिक दस्तुर, दण्ड जरिवाना तथा जफत | ९४६,६२४ | १,०५५,२२९ |
| १.१.६.० | सरकारी सेवा तथा वस्तुहरुको विक्रीबाट प्राप्त आय | ५११,४०९ | ७४२,८८६ |
| १.१.६.१ | पिउने पानी महसूल | २,३६८ | २,७१७ |
| १.१.६.२ | पानीपोत | १,०२२ | १,९६४ |
| १.१.६.३ | विद्युत महसूल | ३२३ | ६५२ |
| १.१.६.४ | हुलाक सेवा | ५६,००२ | ६९,६२० |
| १.१.६.५ | खाद्य कृषि क्षेत्रको आय | २५,७७० | २६,९९५ |
| १.१.६.६ | शिक्षा क्षेत्रको आय | १६,२१७ | १७,५१२ |
| १.१.६.७ | वन क्षेत्रको आय | १३६,२६८ | १६४,०६५ |
| १.१.६.८ | यातायात क्षेत्रको आय | ७८,७३३ | १२३,५१८ |
| १.१.६.९ | अन्य सरकारी क्षेत्रको आय | १९४,७०६ | ३३५,८४३ |
| १.१.७.० | लाभांस | ४५९,४८६ | ६९७,७८० |
| १.१.७.१ | वित्तीय स.स्था | ४५५,५७० | ६२९,७४९ |
| १.१.७.२ | व्यापारिक संस्था | ९१४ | ८ |

| | | | |
|---|---|---|---|
| १.१.७.३ | औद्योगिक संस्था | ० | ६८,०२१ |
| १.१.७.४ | सेवामूलक संस्था | ३,००२ | २ |
| १.१.८.० | रोयल्टी तथा सरकारी सम्पत्ति विक्री | २८,००८ | ५०,२१९ |
| १.१.८.१ | खानी रोयल्टी | १,२६० | १,७७० |
| १.१.८.२ | विद्युत रोयल्टी | २२ | ४ |
| १.१.८.३ | अन्य रोयल्टी | ११,०९८ | २८,५६२ |
| १.१.८.४ | अन्य विक्री | २,९५३ | १६,६१५ |
| १.१.८.८ | टक्सारको अन्य आय | १२,६७५ | ३,२६८ |
| १.१.९.० | साँव र ब्याज | ४९८,१८१ | ६६०,६९० |
| १.१.९.१ | साँवा–कम्पनी र स.स्थानहरुबाट | २६१,३७७ | ३५८,६६० |
| १.१.९.२ | ब्याज–कम्पनी र संस्थानहरुबाट | २३६,४६१ | ३०१,५५० |
| १.१.९.३ | अन्य साँवा र ब्याज | ३४३ | ४८० |
| १.१.९.० | विविध आय | ४३,८२१ | २१,३८७ |
| १.१.९.४ | विविध आय | ४३,८२१ | २१,३८७ |
| | | १०,७२९,९०९ | १३,३०३,२०० |

अनसूची ४

साधारण बजेट : व्यय अनुमान

रु.हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | उप शीर्षक | आ.ब. २०४७।४८ को यथार्थ | आ.ब. २०४८।४९ को संशोधित अनुमान | आ.ब. २०४९।५० को अनुमान |
|---|---|---|---|---|---|
| १. संवैधानिक अंगहरु | १ | | १९१,२२२ | २०२,१७७ | २००,२६३ |
| | १.१ | श्री ५ महाराजाधिराज तथा राज परिवार | ४२,२९५ | ४८,५९५ | ५३,८६१ |
| | १.२ | राजपरिषद् | २,०८४ | ३,२१० | ४,१६४ |
| | १.३ | संसद | १०,१०७ | ५१,५४८ | ४८,०६७ |
| | १.४ | सर्वोच्च अदालत | ५,८८६ | ९,३५६ | २२,६९९ |
| | १.५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | १,९१६ | २,३०७ | ३,७६० |
| | १.६ | महालेखा परिक्षकको विभाग | १४,०४५ | २१,६८० | २३,७७१ |
| | १.७ | लोक सेवा आयोग | १२,८२९ | १५,४८१ | १९,०७५ |
| | १.८ | निर्वाचन आयोग | ९९,३४८ | ४५,९२६ | १९,२०६ |
| | १.९ | महान्यायाधिवक्ताको कार्यालय | २,७१२ | ३,४७४ | ४,४३२ |
| | १.१० | न्याय परिषद | ० | ६०० | १,२२८ |
| २. साधारण प्रशासन | २ | | १,१८०,३६६ | १,५२७,६०९ | १,८६६,१६२ |
| | २.१ | मन्त्रिपरिषद् | ६,६७१ | ८,१०५ | ११,२८० |
| | २.२ | श्री ५ को सरकारको सचिवालय | ११७,१६६ | १६९,७९१ | २४६,८४२ |
| | २.३ | जिल्ला प्रशासन | ५१,६९४ | ६९,४७६ | ९०,४३८ |
| | २.४ | प्रहरी | ८९२,२०३ | १,१५९,८३७ | १,३५०,००० |
| | २.५ | कारागार | ५५,१९१ | ५७,२१७ | ७३,१७६ |
| | २.६ | विविध | ५७,४४१ | ६३,१८३ | ९४,४२६ |
| ३. राजश्व प्रशासन | ३ | | १२४,७५७ | १७०,३०५ | २१८,५५३ |
| | ३.१ | मालपोत | ५७,३२७ | ८३,९०१ | ९८,९८४ |
| | ३.२ | भन्सार | ३५,५२८ | ४४,१४७ | ६३,०५८ |
| | ३.३ | अन्तःशुल्क | १२,४०६ | १६,९१५ | २१,७०३ |
| | ३.४ | कर | १८,९८६ | २४,७०४ | ३४,००७ |
| | ३.५ | राजश्व न्यायाधिकरण | ५१० | ६३८ | ८०१ |
| ४. आर्थिक प्रशासन र योजना | ४ | | ४८,३९० | ५७,८०५ | ७६,८७४ |
| | ४.१ | योजना | २,३७४ | ३,०६० | ४,२८४ |
| | ४.२ | तथ्याङ्क | २,८८४ | ३,५२३ | ४,९११ |
| | ४.३ | महालेखा नियन्त्रक कार्यालय | ४३,१३२ | ५१,२२२ | ६७,६७९ |
| ५.न्याय प्रशासन | ५ | | ८४,१६४ | १०८,१५६ | १५२,३५८ |
| | ५.१ | अदालत | ८४,१६४ | १०८,१५६ | १५२,३५८ |
| ६.बैदेशिक सेवा | ६ | | १८३,३७६ | २२८,९४२ | ३३३,८४६ |
| | ६.१ | ब्रैदेशिक सेवा | १६१,३३८ | २०१,६९८ | २६०,१८८ |
| | ६.२ | विविध | २२,०३८ | २७,२४४ | ७३,६५८ |
| ७. रक्षा | ७ | | १,१५१,३८३ | १,४२९,०१६ | १,७३७,५७२ |
| | ७.१ | रक्षा | १,१४५,८०१ | १,४२३,००० | १,७३०,००० |
| | ७.२ | विविध | ५,५८२ | ६,०१६ | ७,५७२ |
| ८. सामाजिक सेवाहरु | ८ | | ७४२,६२८ | ९३९,५४० | १,३०२,३१४ |
| | ८.१ | शिक्षा | ३६६,३४६ | ४६१,९९० | ६९४,९५९ |
| | ८.२ | स्वास्थ्य | २९३,८२० | ३७१,३८२ | ४७३,१७३ |
| | ८.३ | पाउने पानी | २,३१७ | २,९९८ | ४,४०२ |
| | ८.४ | स्थानिय विकास | ६,७८८ | ८,८५१ | ११,८७६ |
| | ८.५ | अन्य सामाजिक सेवाहरु | ७३,३५७ | ९४,३१९ | ११७,९०४ |
| ९. आर्थिक सेवाहरु | ९ | | ३७४,७८३ | ५३०,४९३ | ६९९,१७८ |
| | ९.१ | कृषि | ३२,९८३ | ४०,०५६ | ५५,१४१ |
| | ९.२ | सिंचाई | ४,५५८ | ९,०५४ | १२,०३२ |
| | ९.३ | भूमिसुधार | १३,९३० | १५,२०४ | ३५,२४९ |
| | ९.४ | नापी | १७,६९५ | २०,०४४ | २७,७११ |
| | ९.५ | बन | १७,४३० | २३,०५७ | २८,५५४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | ९.६ | उद्योग तथा खानी | १५,०७७ | २०,२९२ | २६,१५१ |
| | ९.७ | सञ्चार | १४४,२५० | २३६,०७४ | ३३०,३५६ |
| | ९.८ | यातायात | ११९,९७४ | १५५,००६ | १६७,३४७ |
| | ९.१ | अन्य आर्थिक सेवाहरु | ८,८८६ | ११,७०६ | १६,६३७ |
| १०.ऋण तथा लगानी | १० | | ६,१२९ | १०,००० | १७०,०९७ |
| | १०.१ | ऋण तथा लगानी | ६,१२९ | १०,००० | १७०,०९७ |
| ११. साँवा र ब्याज भुक्तानी | ११ | | २,४०७,३९४ | ३,७९७,११४ | ४,३६०,५०६ |
| | ११.१ | साँवा भुक्तानी | ७३८,९८४ | १,२०६,९५७ | १,५०५,५६२ |
| | ११.२ | ब्याज भुक्तानी | १,६६८,४१० | २,५९०,१५७ | २,८५४,९४४ |
| १२. विविध | १२ | | १,०७५,६७० | ६२७,८०० | ८८२,१६७ |
| | १२.१ | विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको भ्रमण खर्च | ७,९३७ | १०,००० | १०,००० |
| | १२.२ | निवृत्तिभरण,भत्ता तथा उपदान | १९०,१०० | २९५,००० | ४०१,००० |
| | १२.३ | अतिथि सत्कार | ३४९ | १,००० | १,००० |
| | १२.४ | आकस्मिक सहायता चन्दा तथा पुरस्कार | ० | २०० | २०० |
| | १२.५ | मुआब्जा | २१ | १०,००० | १०,००० |
| | १२.६ | अन्य | १५२,९९९ | २११,६०० | ३५९,९६७ |
| | १२.७ | भैपरी आउने | ७२४,२६४ | १००,००० | १००,००० |
| कूल जम्मा | | | ७,५७०,२६२ | ९,६२८,९५७ | ११,९९९,८९० |

अनुसूची ५

विकास बजेट : व्यय अनुमान

रु. हजारमा

| मुख्य शिर्षक | अनुदान संख्या | उप शीर्षक | आ.ब. २०४९।५० को यथार्थ | आ.ब. २०४९।५० को संशोधित अनुमान | आ.ब. २०५०।५१ को अनुमान |
|---|---|---|---|---|---|
| २. साधारण प्रशासन | | | ११,३२८ | १३,०२५ | ३७,३५० |
| | २.७ | प्रशासन | ११,३२८ | १३,०२५ | ३७,३५० |
| ४. आर्थिक योजना र प्रशासन | | | ८३,३३२ | ५८,६३१ | ३१,१५० |
| | ४.१ | योजना | ५,१८५ | ७,३४२ | १२,२५० |
| | ४.२ | तथ्याक | ७८,१४७ | ५१,२८९ | १८,९०० |
| ८. सामाजिक सेवाहरु | | | ३,५६९,२३५ | ४,४९८,४६२ | ७,०५१,६१६ |
| | ८.१ | शिक्षा | १,७१५,९८४ | २,२९५,७१६ | ३,५५५,००० |
| | ८.२ | स्वास्थ्य | ३६६,७६२ | ५२९,५०० | ७४१,४७३ |
| | ८.३ | पिउने पानी | ५३८,४८० | ८६४,२२१ | १,२१०,७३१ |
| | ८.४ | स्थानीय विकास | ३२१,२६९ | ४१७,०८७ | ६१५,६७४ |
| | ८.५ | अन्य सामाजिक सेवाहरु | ६२६,७४० | ३९१,९३८ | ९२८,७३८ |
| ९. आर्थिक सेवाहरु | | | ११,८९३,३९४ | १०,२७५,५५६ | १४,३६०,२१८ |
| | ९.१ | कृषि | १,५३४,६३१ | १,३८३,२३१ | २,२६६,३०३ |
| | ९.२ | सिंचाई | १,११८,८७८ | १,७०१,६७९ | २,०५४,३२० |
| | ९.३ | भूमिसुधार | ४०,४२१ | ३५,०६६ | ८,००० |
| | ९.४ | नापी | ६८,९३३ | ८३,३०३ | १२०,१०० |
| | ९.५ | बन | ४६०,०८२ | ६०५,८५२ | ९५९,३३१ |
| | ९.६ | उद्योग तथा खानी | १,७५१,५१७ | २,२२८,४३९ | १,४११,६२४ |
| | | (क) उद्योग | १,६४४,४४२ | २,२०७,८१३ | १,२०३,५८८ |
| | | (ख) खानी | १०७,०७५ | २०,६२६ | २०८,०३६ |
| | ९.७ | सञ्चार | ५६,६९४ | १८१,८३३ | ९२७,६०० |
| | | (क) हुलाक | २,१०४ | २,८२५ | ७,४५० |
| | | (ख) दूर संचार | ५४,५९० | १७९,००८ | ९२०,१५० |
| | ९.८ | यातायात | १,९७९,५०४ | २,२४९,२९२ | ३,३७३,७८० |
| | | (क) सडक | १,३७५,५६१ | १,६८८,११८ | २,५६०,४०१ |
| | | (ख) पूल | २०१,९७३ | १६५,८०९ | २४९,७९४ |
| | | (ग) हवाई | ३९४,२४० | ३३२,००८ | ४९२,५८५ |
| | | (घ) अन्य यातायात | ७,७३० | ६३,३५७ | ७१,००० |
| | ९.९ | विद्युत | १,३६३,१३६ | १,२४८,१९७ | २,७१५,८२१ |
| | ९.१ | अन्य आर्थिक सेवाहरु | ३,५१९,५९८ | ५५८,६६४ | ५२३,३३९ |
| | | (क) वाणिज्य | ४३,२२० | ३३,८०५ | ४८,०६८ |
| | | (ख) श्रम | ९,४३१ | १०,२२४ | १५,५५६ |
| | | (ग) पर्यटन | १२,४३६ | १२,५९३ | ९४,७४९ |
| | | (घ) हावापानी तथा जलवायू | १६,२०३ | १३,५१७ | २०,६८० |
| | | (ङ) आपूर्ति | १६१,६०८ | ४८६,८०० | २९४,२८६ |
| | | (च) अन्य | ३,२७६,७०० | १,७२५ | ५०,००० |
| १२. विविध | | | ४२२,२४७ | १००,००० | ११५,००० |
| | १२.७ | भैपरी | ४२२,२४७ | १००,००० | ११५,००० |
| कूल जम्मा | | | १५,९७९,५३६ | १४,९४५,६७४ | २१,५९५,३३४ |

अनुमानीत विकास बजेटको खर्च र प्रतिशत २०५०/५१

अनुसूची ६

रु.हजारमा

| शीर्षक | अनुमानीत विकास बजेट | कूल विकास बजेटको प्रतिफल |
|---|---|---|
| आर्थिक सेवा कृषि क्षेत्र | ५४०.८० | २५.०४ |
| कृषि | २२६.६३ | १०.४९ |
| सिचाई | २०५.४३ | ९.५१ |
| भूमिसुधार | ०.८० | ०.०४ |
| नापी | ९५.९३ | ४.४४ |
| बन | १२.०१ | ०.५६ |
| यातायात क्षेत्र | ३३७.३६ | १५.६२ |
| सडक | २६५.९४ | १२.३१ |
| पुल | ४९.२५ | २.२८ |
| हवाई | १५.०७ | ०.७ |
| अन्य | ७.१० | ०.३३ |
| उद्योग क्षेत्र | १४१.१६ | ६.५४ |
| संचार क्षेत्र | ९२.७६ | ४.३ |
| अन्य आर्थिक सेवाहरु | ५२.३३ | २.४२ |
| सामाजिक सेवा | ७०५.१४ | ३२.६५ |
| स्वास्थ्य | ७४.१४ | ३.४३ |
| शिक्षा | ३५५.५० | १६.४६ |
| खानेपानी | १२१.०७ | ५.६१ |
| स्थानीय विकास | ६१.५६ | २.८५ |
| अन्य | ९२.८७ | ४.३ |
| अन्य | २८९.९८ | १३.४३ |
| कूल जम्मा | २,१५९.५३ | १०० |